# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बेसीशहर नगरपालिका
## लमजुङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बेसीशहर नगरपालिका

लमजुङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बेसीशहर नगरपालिका

लमजुङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको आ.व. २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)


प.सं. २०८०।८१
च.नं. २१

मिति : २०८१।२।११

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू,

बेसीसहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

बेसीसहर, लमजुङ ।

१. **कैफियत सहितको राय -** हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तिय प्रतिवेदनले यस पालिकाको वित्तिय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तिय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन।

२.२. लेखापरीक्षणबाट रु. १ करोड २६ लाख ४७ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रियाबाट फछ्र्योटको लागि प्राप्त नभएको र बाँकी बेरुजु असुल गर्नुपर्ने रु. ७३ लाख ७८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.९ लाख २४ हजार र अनियमित भएको रु.४३ लाख ८४ हजार समेत गरी यस वर्ष रु.१ करोड २६ लाख ४७ हजार बेरुजु कायम रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ५ करोड १३ लाख ८३ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.४ करोड ९९ लाख ३९ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तिय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका

लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तिय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तिय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तिय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तिय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार हुनेछन्।

५. **वित्तिय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तिय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तिय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तिय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तिय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।



(जयराम घिमिरे)

**नायब महालेखापरीक्षक**

**बेसीसहर नगरपालिका,**

**लमजुङ जिल्ला**

## १. चालु वर्ष २०७९।८० को बेरुजु

**बेरुजु वर्गीकरण**

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रिया बाट फस्यौंट | | | प्रतिक्रिया बाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४८ | ११३ | १२६४७ | ० | ० | ० | ० | ४८ | ११३ | १२६४७ | ७३३८ | ४३८४ | ९२४ | ० | ० | ५३०९ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| पालिकाको नाम र जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बेसीसहर नगरपालिका, लमजुङ | ५१३८३ | ० | १६०५० | ३५३३३ | १९६० | १२६४७ | ४९९३९ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | सम्परीक्षण भएको रकम |
|---|---|---|
| १ | ०७९।८० (चालु आ.व.) | ० |
| गत विगत वर्षतर्फको | | |
| १ | २०७८।७९ | ६३१७०५८ |
| २ | २०७७।७८ | ९७३३३४६ |
| ३ | २०७६।७७ | ० |
| | **गत विगतको जम्मा** | **१६०५०४०४** |
| | **कुल जम्मा** | **१६०५०४०४** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ११ वडा रहेको छ भने क्षेत्रफल १२७.६४ वर्ग किलोमिटर तथा जनसंख्या ४४ हजार ५९८ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तिय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तिय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।१०।७ देखि २०८०।१०।१८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका

व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय-व्ययतर्फ रु. ८५,९०,५८,९३१।८६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असूली -** लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा बापत बढी निकासा भएको रु. ७,००,०००।०० असूल भई दाखिला प्रमाण पेश भएको छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

२ **एकीकृत आर्थिक विवरण -** पालिकाको एकीकृत आर्थिक विवरण अनुसूचीमा संलग्न छ ।

३ **वित्तिय विवरणको परीक्षण -**

**वित्तिय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ ।

**वित्तिय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१८,२६,४२,९५९।४९ र अन्य रु. ६,२६,०००।०० समेत गरी रु.१८,३२,६८,९५९।४९ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तिय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तिय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छः

| अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४५,३१,४४,८०८ | २,७९,११,०६३ | ६.१६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६.१६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु.२,७३,३६,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक

वर्ष २०७९।८० मा रु.२,७९,११,०६३।०७ अर्थात अनुमान भन्दा २.११% प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६ **तलबी प्रतिवेदन -** निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ५२ कर्मचारीको रु.२,६२,९९,०७४।४२ र पालिकाका ११० कर्मचारीको रु.२,८३,७१,८५९।८३ समेत रु. ५,४६,७०,९३४।०५ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

७ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १५६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ११३ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित ४३ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पदपूर्ति नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्न सक्ने भएकोले रिक्त पदहरू नियमानुसार पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

८ **कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लिखित पदहरूमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रु. ३६,७१,९४२।०० भुक्तानी गरेको पाइयो । संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी कर्मचारीको दरबन्दी यकिन गर्नुपर्ने देखिन्छ । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | पद | कर्मचारी संख्या | वार्षिक तलब |
|---|---|---|---|
| १. | नगर प्रमुखको स्वाकीय सचिव | १ | ४३७७२६ |
| २. | नगरपालिकाको प्रेस सल्लाहकार | १ | ३२५००० |
| ३. | कम्प्युटर अपरेटर | १ | ४६१४९० |
| ४. | सहायक कम्प्युटर अपरेटर | ६ | २११२७२६ |
| ५. | कार्यालय सहायक | १ | ३३५००० |

| जम्मा | ३६७१९४२ |
| --- | --- |

| अनियमित भएको | ३६,७१,९४२ |
| --- | --- |

९ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर बेसीशहर नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । पालिकामा आन्तरिक लेखापरीक्षण शाखा नभएको र आन्तरिक लेखापरीक्षणको लागि को. ले. नि. का. लाई आग्रह गरिएकोमा को. ले. नि. का. बाट समेत लेखापरीक्षण नभएको पालिकाले जनाएको छ । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

१० **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन्ः

- पालिकाले आ.व. २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोबारको अनुसूची-२११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,
- राजश्व सङ्कलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको नगरेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक योजना तयार गरे पनि सो को कार्यान्वयन अवस्था कमजोर रहेको,
- रणनीतिगत विषय, क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना तयार गरी कार्यान्वयनमा नल्याएको,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक तयार गरे पनि लागत यकिन नभएको, DPR तयार नगरेको,
- दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य नभएको,
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक नगरेको,
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार नगरेको,

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरूको विवरण सम्बन्धित वडा समितिहरूको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरूको विवरण सभामा पेश नगरेको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२(२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धी विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि पालिकाले उक्त विवरणहरू सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा नगरपालिकाले सार्वजनिक सम्पत्तिहरूको अभिलेख नराखेको,
- खेलकुद कार्यक्रम, साँस्कृतिक कार्यक्रमहरूको लागि अध्यक्षको तोक आदेशको आधारमा भुक्तानी गर्ने गरेको,
- सवारी तथा उपकरणको मर्मत संरक्षण तथा अभिलेख फारम नराखेको,
- अधिकांशमा पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी भएको तर सोको सम्झौता तथा कार्यादेश नभएको,
- नगरपालिका तथा विद्यालयबाट आयोजना भएको खेलकुद प्रतियोगितामा खरिद गरी प्रयोग गरिएका खप्ने जिन्सी सामग्री लगायतका खेलकुद सामग्रीको विवरण सहित सम्बन्धित कार्यालय वा विद्यालयमा दाखिला गर्ने नगरेको,
- अधिकांशमा अनुगमन भ्रमण प्रतिवेदन पेस नभएको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

११ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको छैन । पालिकाले नक्साङ्कन सहितको पालिका प्रोफाइल बनाएको जनाएको छ। पालिकाको नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने क्रममा उपरोक्त प्रोफाइलमा हुने सूचना तथा तथ्याङ्कको प्रयोग गरी योजना तर्जुमा

कार्यलाई यथार्थपरक बनाउनु पर्दछ ।

१२ **कानुन र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमुना कानुनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३१ वटा ऐन, ७ वटा नियमावली, ४२ कार्यविधि लगायत ९३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ७ वटा कानुनहरू निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानुनहरू राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानुनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१३ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो वर्ष थप भएको ५५ गरी कुल ६० विवाद दर्ता भएकोमा ४१ वटा मात्र फस्र्यौट भई १९ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१४ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

| क्र.स | क्षेत्र | बजेट (रु.) | खर्च (रु.) | खर्च प्रतिशत | कुल खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १. | आर्थिक विकास | ५६७६६००० | ४४८७२६७५ | ७९.०५ | ६.५० |
| २. | पूर्वाधार विकास | २३३६११६५९ | १९४४९०६७७ | ८३.२५ | २८.१६ |
| ३. | सामाजिक विकास | ३६८४९०००० | ३३२६५८४२३ | ९०.२८ | ४८.१७ |
| ४. | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १४६९२००० | ९४८८५३२ | ६४.५८ | १.३७ |
| ५. | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १५८०३२००० | १०९१२३२४१ | ६९.०५ | १५.८० |
| जम्मा | | ८३१५९१६५९ | ६९०६३३५४८ | ८३.०४ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी

अर्थात ९०.२८ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी अर्थात ६४.५८ प्रतिशत खर्च भएको छ । त्यस्तै कुल खर्च रु. ६९ करोड ६ लाख ३३ हजार मध्ये सबै भन्दा बढी अर्थात ४८.१७ प्रतिशत सामाजिक विकासमा र सबैभन्दा कम अर्थात १.३७ प्रतिशत संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा खर्च गरेको छ ।

१५ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु. ७५ करोड ५३ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।२४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१६ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालिन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१७ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो विकास, वातावरण संरक्षण र भाषिक र साँस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा ११ वडाको लागि २१८ वडागत र पालिकास्तरका ३४९ गरी कुल ५६७ योजनामा बजेट विनियोजन गरेको छ।

| कार्यक्रम | योजना सङ्ख्या | | | | विनियोजित रकम (रु हजारमा) | खर्च रकम (रु हजारमा) |
|---|---|---|---|---|---|---|
| | कुल योजना संख्या | रु.२० लाख माथिका | रु.५ लाखदेखि २० लाख सम्मका | रु.५लाखभन्दा कमका | | |
| पालिकास्तरीय | ३४९ | १२ | ८५ | २५२ | १९२६८१ | १५९५६९ |
| वडास्तरीय | २१८ | ० | ४५ | १७३ | ५७७२८ | ५४४४८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले

गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लिखित योजना मध्ये ५५५ योजनामात्र कार्यान्वयन भई १२ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१८ **बजेट अवण्डा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.१,६६,८९,०००।०० अवण्डा बजेट व्यवस्था गरी १७३ योजना तथा क्रियाकलापहरूमा रु.१,३३,१३,३१७।०० खर्च गरेको छ। बजेट अवण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तिय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| क्र.स. | अवण्डा शिर्षक | बजेट | खर्च |
|---|---|---|---|
| १ | आय आर्जन सम्बन्धी फुटकर | ५,००,००० | २,१३,५११ |
| २ | फुटकर कार्य योजना (योजना निर्माण क्षमता विकास आदि ) | २४,७७,००० | ६,६१,००० |
| ३ | फुटकर योजना तथा कार्यक्रम | ४०,००,००० | ३९,९७,१०० |
| ४ | विद्युत सम्वन्धी फुटकर कार्यक्रम | ५,००,००० | १,८१,१९५ |
| ५ | सिचाई पाईप खरीद तथा सिचाई सम्बन्धी फुटकर योजनाहरू | २२,८१,००० | २२,८१,००० |
| ६ | फुटकर योजनाहरू | ३७,६०,००० | ३७,६०,००० |
| ७ | पर्यटन प्रर्वद्धन सम्वन्धी फुटकर कार्यक्रम | ५,००,००० | ५०,००० |
| ८ | विभिन्न वडामा फुटकर योजना | २६७१००० | २१६९६१० |
| जम्मा | | १,६६,८९,००० | १,३३,१३,३१७ |

१९ **लक्ष्य प्रगति -** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ।

| कार्यक्रम/योजना | कुल | वार्षिक प्रगति स्थिति |
|---|---|---|

| | कार्यक्रम | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
|---|---|---|---|---|---|
| कार्यक्रम संख्या | ५६७ | १२ | ३ | ८ | ८ |

२० **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र ४८ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२१ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न २१८ व्यक्तिहरूलाई रु. ३६,०४,१८२।०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. २,७९,११,०६३।०७ को १२.९१ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

२२ **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले गत विगत वर्ष तथा यस वर्ष विभिन्न ४ निर्माण व्यवसायीलाई दिएको निम्नानुसार रु.२,९२,२३,०००।०० पेश्की बाँकी रहेको छ। पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकीकृत हिसाब कायम गर्नुपर्दछ ।

| भौचर नं. र मिति | पेश्की लिनेको नाम | प्रयोजन | पेश्की रकम |
|---|---|---|---|
| १/२०७९/०४/३१ | सिद्दी विनायक निर्माण सेवा | बेसीशहर न.पा.४ पुरानोकोट स्वास्थ्य चौकी पुँजीगत सुधार कार्य मोबिलाइजेसन पेश्की | २४८००० |
| ५४२/२०८०/०२/२४<br>६५०/२०८०/०३/१७<br>३१/२०८०/०३/१७ | कृष्चल/ सन्तोष जे.भी | धुरपुरे दुईथोक बिम्दा बाखेजगत सडक स्तरोन्नति कार्य मोबिलाइजेसन पेश्की | १६०००००० |
| ३८/२०८०/०३/२२<br>७९४/२०८०/०३/२४ | माछापुच्छ्रे सुर्य जे भी | उदीपुर नयाँगाउँ सडक मोबिलाइजेसन पेश्की | १०४००००० |

| | |
|---|---|
| जम्मा | २६६४८००० |

२३ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको सुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२४ **राजस्व रकम समयमा दाखिला नभएको -** गण्डकी प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २३ मा प्रचलित कानुन बमोजिम सरकारलाई प्राप्त हुने राजश्व रकम कार्यालयमा प्राप्त भएपछि सरकारी कारोबार गर्ने बैंकमा सोही दिन वा काबु बाहिरको परिस्थिति परी सोही दिन दाखिला हुन नसकेमा सोको भोलिपल्ट सञ्चितकोष दाखिला गर्नुपर्ने व्यवस्था छ। स्रेस्ताहरूको नमुना परीक्षण गर्दा पालिका तथा विभिन्न वडाहरू टाढा भएको कारण मासिक रूपमा अन्तमा एकमुष्ठ राजश्व बैंङ्क दाखिला गर्नुपर्नेमा महिना समाप्त भएपछि एकमुष्ठ दाखिला गर्ने गरेकोले पालिका तथा तपशिलका वडालाई उल्लिखित तालिका अनुसारको हिसाब किताब गरि कानुन बमोजिमको जरिवाना लगाई हुन आउने रकम असूल गरी राजश्व प्रणालीलाई व्यवस्थित गर्न जोड दिनुपर्दछ।

| वडा नं. र पालिका | महिना | कुल राजश्व | एकमुष्ठ दाखिला मिति |
|---|---|---|---|
| पालिका तर्फ | श्रावण | ३,२५,५२७ | २०७९।०६।२५ |
| ९ | भाद्र | ९८,६३८ | २०७९।०७।०४ |
| ११ | श्रावण | १,९९,०७७ | २०७९।०७।१७ |
| ११ | भाद्र | ८६,१५७ | २०७९।०७।१७ |
| २ | असोज | १,१८,१९५ | २०७९।०८।२१ |
| ६ | कार्तिक | ४२,५९३ | २०७९।०९।०२ |
| ४ | कार्तिक | ३४,५५३ | २०७९।०९।०८ |
| ९ | कार्तिक | ३४,६८५ | २०७९।०९।०६ |
| ११ | कार्तिक | ५३,९१४ | २०७९।१०।१२ |
| ११ | मंसिर | ७०,३२८ | २०७९।१०।१२ |
| ७ | कार्तिक र मंसिर | ३,२०,१४३ | २०७९।१०।१७ |
| २ | पौष र माघ | २,२६,८६६ | २०७९।१२।०१ |

२५ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको

सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु.१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २६,०३,४८,४९७।०० पुँजीगत खर्च/खरिद/निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२६ **खर्च विश्लेषण -** पालिकाले गत वर्षको अ.ल्या. मौज्दात रु.९,५४,१०,४९१।४८ र यस वर्षको कुल आन्तरिक आय रु. २,७९,११,०६३।०७ गरी जम्मा आन्तरिक आयबाट रु. १२,३३,२१,५५४।५५, राजस्व बाँडफाँड र अनुदानबाट रु. ६०,९२,२४,६०३।१५ समेत रु. ७३,२५,४६,१५७।७० आम्दानी भएकोमा चालुतर्फ रु.४३,०२,८५,०५१।४६ र पुँजीगत तर्फ रु. २६,०३,४८,४९७ समेत रु. ६९,०६,३३,५४८।४६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.०४ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.१,५४,३१,९७०।०० खर्च भएको छ जुन आन्तरिक आयको ५५.२९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२.३० प्रतिशत चालु र ३७.७० प्रतिशतमात्र पुँजी निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

| विवरण | रकम | कैफियत |
|---|---|---|
| कुल खर्च | ६९,०६,३३,५४८.४६ | |
| चालु खर्च | ४३,०२,८५,०५१.४६ | ६२.३० प्रतिशत |
| पुँजीगत खर्च | २६,०३,४८,४९७ | ३७.७० प्रतिशत |
| आन्तरिक आय | २,७९,११,०६३.०७ | केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा ६.१६ प्रतिशत |
| पदाधिकारी सुविधा | १,५४,३१,९७० | आन्तरिक आयको ५५.२९ प्रतिशत |
| आर्थिक सहायता | ३६,०४,१८२ | आन्तरिक आयको १२.९१ प्रतिशत |

२७ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन

लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२८ **चौमासिक पुँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले चौमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्चतर्फ | २६०३४८४९७ | १३२८३२५९ | ६००३०१७९ | १८७०३५०५९ | ९०४९३४६७ |
| प्रतिशत | | ५.११ | २३.०५ | ७१.८४ | ३४.७६ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पुँजीगततर्फ वार्षिक रु. ३१,८३,५२,६५९।०० बजेट विनियोजन भएकोमा रु. २६,०३,४८,४९७।०० अर्थात ८१.७७ प्रतिशत मात्र खर्च गरेको छ । खर्चमध्ये प्रथम चौमासिकमा रु. १,३२,८३,२५९।०० (५.११ प्रतिशत), दोस्रो चौमासिकमा रु. ६,००,३०,१७९।००(२३.०५ प्रतिशत) र तेस्रो चौमासिकमा रु. १८,७०,३५,०५९।०० (७१.८४ प्रतिशत) खर्च गरेको देखिएको छ । त्यस्तै आषाढ महिनामा मात्र रु. ९,०४,९३,४६७।०० (३४.७६ प्रतिशत) खर्च देखिनुले आर्थिक वर्षको अन्त्यमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२९ **वितरणमुखी खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता र प्रभावकारिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ ।नमुना छनौटको आधारमा केही भौचरहरू परीक्षण गर्दा पालिकाले देहाय बमोजिम अनुत्पादक तथा वितरणमुखी कार्यमा रकम खर्च गरेको देखिन्छ । यसबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। यस्ता केही खर्च देहायअनुसार छन्ः

| भौचर नं | विवरण | रकम(रु.) |
|---|---|---|
| १६२ | जेष्ठ नागरिकहरूलाई ओट्स, रामनामी,जुस, केरा, स्याउ वितरण | ७०६५० |

| | | |
|---|---|---|
| २०१ | राष्ट्रिय जनसाँस्कृतिक महासंघ साँस्कृतिक कार्यक्रम | १०००० |
| ३०२ | जेष्ठ नागरिकलाई रामनामी र शिवनामी वितरण | ७५००० |
| ३१५ | लमजुङ मर्स्याङ्दी युवा क्लव तिज गित कार्यक्रम सहयोग | ५०००० |
| ३६७ | नेपाल पत्रकार महासंघ साधारण सभा आर्थिक सहयोग | २५००० |
| ३७२ | लोकतान्त्रिक आदिबासी जनजाति महासंघ गण्डकी प्रदेश कमिटीको अधिवेशन | २०००० |
| ४१३ | लमजुङ उद्योग वाणिज्य संघ माघीमेला कार्यक्रम | ५०००० |
| ४७६ | जेष्ठ नागरिकलाई ब्लाङ्केट र सुत्केरी महिलाहरूलाई अण्डा वितरण | २५००२५ |
| ५१८ | आमा समूहका लागि भाँडाकुँडा र साडी ब्लाउज समेत खरिद | १४२३६७ |
| ५४१ | विभिन्न वडामा जेष्ठ नागरिकलाई ब्लाङ्केट वितरण | १९९७०७ |
| ६२९ | दलित आयआर्जन तथा सशक्तिकरण कार्यक्रम अन्तर्गत भाँडाकुँडा वितरण | २००००० |
| ७०० | गोविन्द बहादुर खड्का हार्मोनियम खरिद | २६००० |
| ९७६ | हजार दिन भित्रका बच्चा पोषण प्याकेज कार्यक्रम अन्तर्गत अण्डा, चना,दाल, नुन, साबुन समेत वितरण | ९९६०० |
| ११८८ | सुत्केरी महिला पोषण कार्यक्रममा प्रति सुत्केरी ३००० का दरले वितरण | ३९००० |

३० **अवकास कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि दरबन्दीमा कार्यारत कर्मचारीले खाईपाई आएको तलबको दश प्रतिशत कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्ने गरी एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस प्रकारको कोष स्थापना गरेको छैन । कोष स्थापना नगर्दा भविष्यमा कर्मचारीलाई नियमानुसार भुक्तानी गर्नुपर्ने दायित्व वहन गर्न पालिकालाई एकमुष्ट आर्थिक भार पर्न जान्छ । पालिकाले कोष सञ्चालन सम्बन्धमा कार्यविधि निर्माण तथा तोकिए बमोजिम रकम जम्मा तथा परिचालन गरी भविष्यमा आईपर्ने दायित्वको लागि रकम व्यवस्थापन गर्नुपर्दछ।

३१ **आय ठेक्का व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा बिक्री बापत प्राप्त रकम पालिकाले सञ्चित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार ढुङ्गा, गिट्टी, बालुवा उत्खनन सङ्कलन क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ मा सम्बन्धित स्थानीय तहले दोस्रो पक्षसँग ढुङ्गा, गिट्टी, बालुवा उत्खनन ठेक्का सम्झौता गर्दा प्रदेश सरकारले तोकेको दरमा

सम्झौता गरी सोही बमोजिम राजस्व सङ्कलन गर्नुपर्ने व्यवस्था गरेको छ ।

३१.१ **आय ठेक्का नलागेको -** पालिकाले वातावरणीय प्रभाव मूल्याङ्कन गरेको निम्नानुसार १४ घाटको ठेक्का व्यवस्थापन गरी आय प्राप्त गरेको छैन । यसबाट पालिकाको अनुमानित रु. ८१,३३,९२६।०० राजश्व गुमेको छ। उपरोक्त घाटहरू मध्ये ४ ठेक्काको लागि सूचना आह्वान गरेको छैन भने बाँकीको सूचना प्रकाशन भए पनि बोलपत्र नपरेको पालिकाले जनाएको छ। सो क्षेत्रमा ठेक्का नलागे तापनि पालिकाले अमानतबाट समेत राजस्व सङ्कलन गर्नेतर्फ ध्यान दिएको देखिएन। पालिकाले ठेक्का नलागेको क्षेत्रमा अमानतबाट भएपनि राजस्व सङ्कलन गर्नेतर्फ ध्यान दिनुपर्छ ।

| क्र.सं. | घाटको नाम | नदिको नाम | उत्खनन् गर्न सकिने परिमाण (घ. मि.) | IEE प्रतिवेदन अनुसार न्यूनतम मूल्याङ्कन (रु.) |
|---|---|---|---|---|
| १ | पुवा खोला दोभान क्षेत्र | मस्यांदी | २३४० | ५७८३७७ |
| २ | तालखोला देखी बेलौती विसौना झो पु सम्म | मस्यांदी | ३०० | ७५००० |
| ३ | लेते फाँट पुल देखी भाचोक खोला दोभान सम्म | मस्यांदी | २२५० | ५५६१३२ |
| ४ | सालडाँडा देखी तल थारचौर छोटेवगर खण्ड | मस्यांदी | ३९६० | ९७८७९३ |
| ५ | भकुण्डे थुम्कामुनि | मस्यांदी | १५०० | ३७०७५५ |
| ६ | राम्चे बेसी खण्ड | दोर्दी खोला | ३३३० | ८२३०७३ |
| ७ | मर्स्याङ्दी बेलौती वसौना खण्ड क | मस्यांदी | ७५०० | ४६३४३३ |
| ८ | मर्स्याङ्दी बेलौती वसौना खण्ड ख | मस्यांदी | १२०० | २९६६०४ |
| ९ | मर्स्याङ्दी बेलौती वसौना खण्ड ग | मस्यांदी | २१०० | ५१९०५७ |
| १० | मर्स्याङ्दी बेलौती वसौना खण्ड घ | मस्यांदी | १८७५ | ४६३४४३ |
| ११ | मर्स्याङ्दी नदी गौरी क्याम्पस मुनि | मस्यांदी | ५५२५ | १३६५६१४ |
| १२ | सातविसे डिलमुनि मरनघाट | मस्यांदी | १४०० | ३४६००३ |
| १३ | धुपीचौर र यारचौर जोड्ने – | मस्यांदी | ३००० | ७४१५१० |
| १४ | आर्मी व्यारेक पुछार ( मन्दिर तलको भाग मात्र) | मस्यांदी | २२५० | ५५६१३२ |
| जम्मा | | | | ८१३३९२६ |

३१.२ **उत्खनन् परिमाण** - पालिकाले यो वर्ष निम्नानुसार आय ठेक्का व्यवस्थापन गरी निम्नानुसार ९ ठेक्काबाट रु. १,५९,७५,४००।०० असूल गरेको छ। सम्झौता गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनबाट कायम भएको परिमाण उत्खनन् गर्न सकिने गरी सम्झौता भएको छ र ठेकेदारहरूले सम्झौता अनुसार ढुङ्गा गिट्टि तथा बालुवा उत्खनन् गरेको पालिकाले उल्लेख गरेपनि पालिकाले अधिकतम उत्खनन् परिमाण भित्र रहेर उत्खनन् भए नभएको सम्बन्धमा यकिन गर्न आन्तरिक नियन्त्रण प्रणाली निर्माण, आवश्यक अनुगमन तथा मूल्याङ्कन, सम्झौता गर्ने फर्महरूलाई जिम्मेवार बनाउने काम गरेको छैन। यसबाट बढी परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् भई वातावरणीय प्रभाव पर्ने देखिन्छ। वातावरणीय प्रभाव मूल्याङ्कनबाट कायम भएको अधिकतम उत्खनन् परिमाणको सिमा भित्र रहेर मात्र उत्खनन् गर्ने व्यवस्था गर्नुपर्दछ।

| क्र.सं. | ठेक्काको विवरण | उत्खनन् गर्न सकिने परिमाण (घ. मि.) | पालिका अनुसार उत्खनन् गरेको परिमाण (घ. मि.) | सम्झौता रकम (रु.) |
|---|---|---|---|---|
| १. | बाँजखेबाँझाखेत मोटरेवल पुलदेखि भाचोक खोला दोभान पारीपट्टिको भाग (भोटेफाँट) मोटरेवल पुल देखि | ६०० | ६०० | ६५०००० |
| २. | रानीकुवा टापु मुनिको खण्ड | २३४० | २३४० | १९२६००० |
| ३. | भकुण्डे वोहोराबेसी शशौघारी तल (वोहोरा वउर) | २५० | २५० | १४२५०० |
| ४. | गैरीवगर घाट (झोपुदेखि साँधखोलासम्म) | ७५० | ७५० | १९९९०० |
| ५. | मर्स्याङदी नदी बाँध क्षेत्र (छहरा मुनि वारीपट्टिको भाग) | ७९२० | ७९२० | २०६०००० |
| ६. | आकासे भीरको डिलमुनिबाट चिप्लेटीको पुल माथिको भाग (क्रसर उद्योग मुनि) | १९२०० | १९२०० | ५११५००० |
| ७. | चिती वरवोट खोलादेखि गैरी क्याम्पसको झोपुसम्म (कडेनी) | ३२४० | ३२४० | १०३०००० |
| ८. | चेपाङ्गटार मुनि गाइखुरे छहरा पारीपट्टिको भाग (सिमलको रुखदेखि तलको भाग) | ९००० | ९००० | २३२७००० |
| ९. | रिट्ठेवगर घाट | ७५०० | ७५०० | २५२५००० |
| | जम्मा | | | १५९७५४०० |

३२ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असूल गरी राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । साथै आयकर ऐन, २०५८ मा आयमा १.५ प्रतिशतको दरले अग्रिम कर समेत थप गरी असूल गर्नुपर्ने व्यवस्था छ। पालिकाले दहत्तर बहत्तरको ठेक्का व्यवस्थापन

सम्बन्धी सम्झौतामा समेत उक्त व्यवस्था गरेकोमा निम्नानुसार आय ठेक्काबाट मु. अ. कर र अग्रिम कर असूल गरेको छैन । सम्झौतामा मु. अ. कर र अग्रिम कर बापतको रकम अग्रिम रूपमा जम्मा गर्नुपर्ने व्यवस्था भए पनि दाखिला नगरी अख्तियारी प्रदान गरेकोले हाल सम्म कर दाखिला नभएको देखिन्छ । यसबाट राजश्व व्यवस्थापनमा असर पर्दछ। सम्बन्धित व्यवसायीबाट असूल गरी दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | ठेक्काको विवरण | ठेकेदार | भ्याट रु. | अग्रिम कर रु. |
|---|---|---|---|---|
| १. | गैरीवगर घाट (झो पु देखि साँधखोला सम्म) | शिवजी कन्स्ट्रक्सन | २५९८७ | २९९९ |
| २. | आकाशे भीरको डिलमुनिबाट चिप्लेटीको पुल माथिको भाग | राजा कन्स्ट्रक्सन | ६६४९५० | ७६७२५ |
| ३. | रिङ्गे बगर घाट | सोनारिया कन्स्ट्रक्सन | ३२८२५० | ३७८७५ |
| ४. | | ईश्वर दर्लामी | ५४८०० | ६३२३ |
| ५. | बिज्ञापन कर | साईन हव प्रा लि | | ४०३५ |
| | जम्मा | | १०७३९८७ | १२७९५७ |
| | कुल जम्मा | | | १२०१९४४ |

| | |
|---|---|
| असूल गर्नुपर्ने | १२,०१,९४४ |

३३ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु. २६,५०,५१९।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अद्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३४ **असूली गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तिय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असूली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार रु. २,२१,५४१।०० असूल गर्ने बाँकी रहेको छ । सम्झौता अनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असूल गर्नुपर्ने रु.

| ठेकेदारको नाम | आय ठेक्काको नाम | सम्झौता रकम | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|
| ईश्वर दर्लामी | दहत्तर बहत्तर (मिति २०७९।९।६ मा भएको सम्झौता अनुसार) | ४२१५४१ | २००००० | २२१५४१ |

| असूल गर्नुपर्ने | २,२१,५४१ |
|---|---|

३५ **कर तथा शुल्क असूली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असूली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान (रु.) | असूली (रु.) | असूली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३५००००० | ३१८८४३४.३८ | ९१.१० |
| घरजग्गा वहाल कर | ४०००००० | ७८८६५१७.८८ | १९७.१६ |
| व्यवसाय कर | ३०००००० | २६५०५१९ | ८८.३५ |
| वहाल विरौटी शुल्क | ५०००० | ९०० | १.८ |
| अन्य आय | १६७८६००० | १४१८४६९१.८१ | ८४.५१ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असूली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३६ **ब्याज असुली -** दहत्तर बहत्तरको ठेक्का व्यवस्थापन सम्बन्धी सम्झौताको शर्तमा सम्झौता बमोजिम दाखिला गर्नुपर्ने रकम ढिला बुझाएमा १० प्रतिशतको दरले ब्याज असूल गर्नुपर्ने व्यवस्था छ । निम्नानुसार आय ठेक्काको रकम २ व्यवसायीले ढिला गरी दाखिला गरेको पाइयो भने ४ व्यवसायीले हालसम्म पनि दाखिला नगरेकोले सम्झौता तथा कानुनी व्यवस्थाको पालना भएन । तालिकामा हाल सम्मको ब्याज रकम मात्र हिसाब गरिएकोले दाखिला भएको मिति सम्मको ब्याज हिसाब गरी दाखिला गर्नुपर्ने रु.

| क्र. सं. | ठेक्काको विवरण | व्यवसायी | सम्झौता रकम | ढिला दाखिला भएको तथा | सम्झौता अनुसार ढिला | ब्याज रकम | कैफयत |
|---|---|---|---|---|---|---|---|

| | | | | दाखिला नभएको रकम | गरेको दिन | | |
|---|---|---|---|---|---|---|---|
| १. | रानीकुवा टापु मुनिको खण्ड | कान्छा सफारी कन्स्ट्रक्सन | १९२६००० | ९६३००० | ३० | ८०२५ | दोस्रो किस्ता रकम |
| २. | मर्स्याङ्दी नदी बाँध क्षेत्र | आशिष निर्माण सेवा | २०६०००० | ८००००० | ३८ दिन | ८३२९ | दोस्रो किस्ता रकम |
| ३. | गैरीवगर घाट | शिवजी कन्स्ट्रक्सन | १९९९०० | २८९८६ | हाल सम्म दाखिला नभएको | ३६६५ | भ्याट र अग्रिम कर |
| ४. | आकासे भीरको डिलमुनि | राजा कन्स्ट्रक्सन | ५११५००० | ७४१६७५ | ,, ,, | ५९५३८ | ,, ,, |
| ५. | रिट्ठे बगर घाट | सोनारिया कन्स्ट्रक्सन | २५२५००० | ३६६१२५ | ,, ,, | २९३९० | ,, ,, |
| ६. | | ईश्वर दर्लामी | ४२१५४१ | २८२६६४ | ,, ,, | ३१०५३ | ठेक्का, भ्याट र अग्रिम कर |
| जम्मा | | | | | | १४०००० | |

| | |
|---|---|
| असूल गर्नुपर्ने | १,४०,००० |

३७ **अधुरो निर्माण कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा खरिद सम्झौता र सो का शर्तहरूको व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता सम्बन्धी व्यवस्था, नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न सकिने, नियम १२१ मा पूर्व निर्धारित सम्बन्धी व्यवस्था रहेको छ। त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौता अन्त्य र सोको उपचारको व्यवस्था रहेको छ। पालिकाले ठेक्का व्यवस्थापन गरेको चण्डीस्थान हेल्थपोष्ट भवन निर्माण (ठेक्का नं. ०२।२०७८।७९) को काम सम्झौतामा तोकिएको अवधिमा सम्पन्न नभएकाले सार्वजनिक खरिद ऐन र नियमावलीमा रहेका व्यवस्था अनुसार पेश्की जमानत जफत गर्ने, कार्यसम्पादन जमानत जफत गर्ने, पूर्व निर्धारित क्षतिपूर्ति लिने, ठेक्का रद्ध गर्ने, कालोसूचीमा राख्ने, थप कामको लागि निर्माण व्यवसायीबाट भराउने लगायत कानुनी व्यवस्था कार्यान्वयन गरी कार्य सम्पन्न गराउनु पर्नेमा सम्झौताको काम सम्पन्न नभै अधुरै रहेको छ। उक्त ठेक्काको सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छ ।

३७.१ **पुर्वनिर्धारित क्षतिपूर्ति -** निर्माण व्यवसायी श्री कोजु देशेमरु जे.भी. भक्तपुरसँग भएको २०७८।११।२६ मा २०८०।२।१० भित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा हाल सम्मको भौत्तिक प्रगति शुन्य रहेको छ । सम्झौताको GCC ५५.१ मा तोकिएको अवधिमा कार्य सम्पन्न नगरेमा प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतको दरले अधिकतम सम्झौता रकमको १० प्रतिशत सम्म पुर्वनिर्धारित क्षतिपूर्ति लाग्ने व्यवस्था छ । लेखापरीक्षण अवधि २०८०।१०।१६ गते सम्मको हिसाब गर्दा सम्झौता रकम रु. १,४८,५३,०३२।०० को दश प्रतिशतको दरले पुर्वनिर्धारित क्षतिपूर्ति असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असूल गर्नुपर्ने | १४,८५,३०३ |

३७.२ **पेश्की असूल गर्नुपर्ने -** निर्माण व्यवसायीले मिति निम्नानुसार मितिमा निम्नानुसार पेश्की लगेको छ। सम्झौताको GCC ४९.१ मा प्रचलित ब्याज दर ८ प्रतिशत उल्लेख छ । निज निर्माण व्यवसायीले पेश्की लिए पश्चात पालिकाले पटक पटक पत्राचार गर्दा समेत काम नगरेको देखिन्छ भने पेश्की जमानतको म्याद पनि समाप्त भएको छ । यसबाट पेश्की रकम जोखिममा परेको छ । पेश्की रकम दाखिला भएको मिति सम्मको ब्याज समेत हिसाब गरी असूल गर्नपर्ने रु.

| भौचर | पेश्की रकम | लेखापरीक्षण अवधि (२०८०।१०।१६ गते) सम्मको ब्याज | जम्मा |
|---|---|---|---|
| ९ | १४८०००० | २२०२५६ | १७००२५६ |
| १२ | १०९५००० | १५९६०० | १२५४६०० |
| जम्मा | २५७५००० | ३७९८५६ | २९५४८५६ |

| | |
|---|---|
| असूल गर्नुपर्ने | २९,५४,८५६ |

३७.३ **आर्थिक/गैह्र आर्थिक हानी -** ठेक्का व्यवस्थापन भई निर्माण कार्य सहज रूपमा सम्पन्न भएको अवस्थामा सम्बन्धित ठाउँमा रोजगारी सिर्जना, स्थानीय स्रोत साधनको उपयोग हुने तथा निर्माण कार्य सम्पन्न भए पश्चात दीर्घकालिन पुँजी निर्माण हुने जस्ता गैह्र आर्थिक लाभ प्राप्त हुन्छ । निर्माण व्यवसायीलाई परिचालन गरी निर्माण कार्य सम्पन्न नगर्दा उपरोक्त गैह्र आर्थिक लाभ प्राप्ति भएन भने सङ्घीय सरकारबाट विनियोजन भएको आर्थिक वर्ष २०७८।७९ मा रु. ८२ लाख २५ हजार र आर्थिक वर्ष २०७९।८० मा रु. १ करोड बजेट फ्रिज भएको छ । यसबाट योजना सम्पन्न भए पश्चात प्राप्त हुने लाभमा ढिलाई भएको छ भने अनुदानको रकम फ्रिज हुँदा पालिकालाई आर्थिक भार थपिने देखिन्छ । आवश्यक बजेट व्यवस्था गरी निर्माण व्यवसायीलाई कानुन अनुसार आवश्यक कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

३८ **स्थलगत निरिक्षण -** पालिकाले सङ्घीय सशर्त अनुदानबाट पुरानोकोट गडी भ्यु टावर निर्माणको लागि २०७८।११।२० मा रु. ४,१०,९८,६९१।०० मा सम्झौता गरी आ. व. २०८०।८१ मा अन्तिम बिल भुक्तानी गरेको छ । लेखापरीक्षणको क्रममा स्थलगत निरिक्षण गर्दा देखिएको व्यहोरा

निम्नानुसार छ ।

३८.१ **बढी परिमाण नापी गरी भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले नापी गरी भुक्तानी गरेको निम्नानुसार काम स्थलगत निरिक्षणको क्रममा नापी गर्दा भुक्तानी गरेको परिमाण भन्दा कम परिमाणमा काम भएको देखिएको छ। बढी परिमाण नापी गरे बापत बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायी (श्री पराजुली कन्स्ट्रक्सन) बाट असूल गर्नुपर्ने रु.

| आईटम नं. | काम | बढी परिमाण | दर | रकम |
|---|---|---|---|---|
| RCC ४ | M २० | १.१० घ मि | २२००० | २४२०० |
| फर्मा १३ | फर्मा | १२.८९ ब मि | १३०० | १६७५७ |
| २८ | पुटिङ | ७३.६८ ब मि | ३०० | २२१०४ |
| १२ | फलामे छडको काम | १२१ के जि | १५० | १८१५० |
| जम्मा | | | | ८१२११ |

| | |
|---|---|
| असूल गर्नुपर्ने | ८१,२११ |

३८.२ **सुधार गर्नुपर्ने कुराहरु -** स्थलगत निरिक्षणको क्रममा भ¥याङको रेलिङ wilding and Fixing गर्नुपर्ने, ढुङ्गा छापेको ठाउँ भासिएको तथा चर्किएकोले ढुङ्गा निकाली Earth Compaction गरी पुन ढुङ्गा छाप्नुपर्ने, ड्रेनेज सिस्टममा चर्किएकोले पुन बनाउनुपर्ने, रेष्टुरेन्टको छानामा रुख ढलेर टिनमा सामान्य समस्या देखिएकोले सुधार गर्नुपर्ने देखिएको छ । त्रुटि सच्याउने अवधि बाँकी रहेकोले निर्माण व्यवसायीलाई सम्पर्क गरी त्रुटि सच्याउनु पर्दछ ।

३८.३ **रेष्टुरेन्ट सञ्चालन -** आयोजनाको एक अंशको रूपमा रेष्टुरेन्ट भवन समेत निर्माण भएको छ । कुल लागत रु. ३ करोड ८१ लाख मध्ये करिब २० प्रतिशत लागतमा रेष्टुरेन्ट निर्माण भएको पालिकाका प्राविधिकले जनाएका छन् । तर रेष्टुरेन्ट प्रयोगमा आएको छैन । सञ्चालनको लागि सूचना प्रकाशन भएकोमा पानीको समस्या, पर्यटक आवागमनको अनिश्चितता लगायत कारणले गर्दा कुनै पनि निवेदन नपरेको पालिकाको भनाई रहेको छ । आवश्यक व्यवस्थापन गरी रेष्टुरेन्ट सञ्चालनमा ल्याउनु पर्दछ ।

३९ **स्पेशिफिकेशन बिना खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नुअघि त्यस सम्बन्धी स्पेसिफिकेशन, योजना तथा अन्य विवरण समेत तयार गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले स्वास्थ्य संस्थाका लागि रेफ्रिजेरेटर तथा माइक्रोस्कोप समेत खरिद गर्दा स्पेसिफिकेसन (Capacity, Type, Resolution, magnification, eyepiece style etc.) तयार नगरी दर रेट माग गरी रु. १,२८,८२०।०० को ६ थान रेफ्रिजेरेटर तथा १५७०७० को २ थान माइक्रोस्कोप खरिद गरेको देखिएको ऐन

बमोजिमको प्रक्रिया पूरा नगरी खरिद गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,८५,८९० |

४० **प्रमाण कागज पेस गर्नुपर्ने -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको खर्चमा सो खर्च पुष्टि हुने बिल भरपाई,कागज पेस नभएकोले प्रमाण कागज पेस गर्नुपर्ने रु.

| भौचर नं | भुक्तानी पाउनेको नाम | पेस गर्नुपर्ने कागजात | रकम (रु.) |
|---|---|---|---|
| १०३१ | विजय गुरुङ | आँपखोला र कुँडुले खोला पहिरो नियन्त्रण कार्यको लागि झाडी सरसफाई तथा वाल निर्माणको डोर हाजिरी मात्र पेस भएकोले प्राविधिक मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदन पेस हुनुपर्ने | २४५०० |
| ११६२ | देवी सदन प्रा.वि. | लुम्बिनी इन्टरप्राइजेजबाट प्रिन्टर थान १ र मोनिटर थान १ खरिद गरेको सक्कल भ्याट बिल र विद्यालयमा दाखिला गरेको प्रतिवेदन पेस हुनुपर्ने | ५८९४८ |
| जम्मा | | | ८३४४८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८३,४४८ |

४१ **नन्फाइलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयबाट देहायका फर्मलाई निम्नानुसार रकम भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो। कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| भौचर नं. | सप्लायर्स | भुक्तानी रकम | भ्याट रकम |
|---|---|---|---|
| ४ | जय भद्रकाली आयल स्टोर्स | ४४७६५९ | ५१५०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५१,५०० |

४२ **उपभोक्ता समितिबाट रोजगारी सिर्जना नहुने काम -** सार्वजनिक खरिद नियमावलीको नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने तथा कुनै पनि निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नमिल्ने व्यवस्था छ। साथै स्थानीय स्रोत साधानको उपयोग, रोजगारी सिर्जना, सम्पन्न योजनामा लाभग्राहीको अपनत्व अभिवृद्धि, मर्मत तथा सम्भारमा उपभोक्ताको योगदान अभिवृद्धि गर्ने उद्देश्यले योजना सञ्चालनमा उपभोक्ता समितिको परिचालन गरिन्छ। तर पालिकाले सडक निर्माण तथा स्तरोन्नतिको काम उपभोक्ता समिति मार्फत गरेकोमा रोजगारी सिर्जना नभई कार्यसम्पन्न रकम बराबरको रकम नै मेशिन परिचालन गरी सम्पन्न गरेको छ। जसको उदाहरण निम्नानुसार छ। यसबाट उपभोक्ता समितिबाट काम गराउनुको उद्देश्य पूरा हुँदैन। स्थानीय स्रोत साधानको उपयोग, रोजगारी सिर्जना, सम्पन्न योजनामा लाभग्राहीको अपनत्व अभिवृद्धि, मर्मत तथा सम्भारमा उपभोक्ताको योगदान अभिवृद्धि हुने प्रकृतिको योजनाहरूमा मात्र उपभोक्ता समिति मार्फत काम गराउनु पर्दछ।

| भौचर नं. | योजनाको नाम | कार्यसम्पन्न | भुक्तानी | खरिद तथा बिल |
|---|---|---|---|---|
| १२८ | चण्डीस्थान खेलकुद मैदान निर्माण | ३००८४३ | २७०४२८ | ३००८५६ |
| १५३ | वडा नं. ४ को वडाको भित्री सडक | ९७२३५४ | ८७५११९ | ९७२५९० |
| १९० | उपल्लो साँघु सडक मोड सुधार | ६६६४९४ | ५७९८५० | ६६००४६ |
| १९५ | डाडागाउँ गढी सडक स्तरोन्नती | ५४०५०० | ४८५३०२ | ५४१८१८ |
| २०९ | बाँझाखेत बराहपोखरी पर्यटकिय सडक | २१६५६७३ | १९४६९४० | १९७९९६४ |
| २१९ | सेवईबाट बाखेजगत जोड्ने सडक | ७५४३२६ | ६७७३८५ | ७१८१३९ |

४३ **लागत साझेदारी -** गण्डकी प्रदेश सरकारले जारी गरेको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को बुँदा नं. २९ मा उपभोक्ता समिति वा लाभग्राही समुदायसँग सम्झौता भई सञ्चालन हुने पूर्वाधार निर्माण सम्बन्धी काममा उपभोक्ता समितिले कार्य गर्ने गरी सम्झौतामा भएको रकमको कम्तीमा दश प्रतिशत रकम लागत सहभागिता गर्नुपर्ने व्यवस्था छ । पालिकाको अभ्यासमा समेत उपभोक्ता समितिबाट गराउने काममा न्यूनतम १० प्रतिशत लागत साझेदारी गराउने रहेको र सोही अनुसार योजना सम्झौता हुने गरेको छ । तर विद्यालयले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालय भवन निर्माणको काम विद्यालय व्यवस्थापन समिति मार्फत गराउने गरेकोमा लागत सहभागिता जुटाएको छैन । कार्यविधिमा विद्यालयलाई निकासा दिने उल्लेख भएकोले नियमानुसार लाग्ने कर मात्र कट्टा गरिएको पालिकाले जनाएको छ । यस प्रकारको काम ठेक्का व्यवस्थापनबाट गराउने अर्थात लागत सहभागिता जुटाएर गर्नुपर्ने देखिन्छ । सो बाहेक निम्नानुसार योजनाहरूको भुक्तानी गर्दा कार्य सम्पन्न रकमबाट कम्तीमा १० प्रतिशत लागत साझेदारी कट्टा गरी भुक्तानी गर्नुपर्नेमा निम्नानुसार रकम बढी भुक्तानी गरेको छ । यसबाट पालिकालाई बढी व्ययभार परेको छ । बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गरी दाखिला गर्नुपर्ने रु.

| भौचर नं. | योजनाको नाम | कार्यसम्पन्न रकम | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| २९ | काउलेपानी मन्दिर संरक्षण | ८०२८०६ | ७१८२७१ | ७२६८६२ | ८५९१ |
| १४ | चिसापानी खेलमैदान स्तरोन्नती | ३१६८३६ | २८५१५२ | २८७९९१ | २८३९ |
| ३६ | ल्याण्डफिल्ड साईट जाने बाटो मर्मत | ३८४६१७ | ३४६१५५ | ३८४६१७ | ३८४६२ |
| ६२४ | पांग्रेक्यु मोटरबाटो स्तरोन्नती | ६६८०७९ | ६००७४४ | ६०६९०९ | ६१६५ |
| ७४८ | शान्ति मार्ग ढलान | ७०९८३६ | ४२५९०७ | ४३४७२१ | ८८१९ |
| १२५९ | काउलेपानी सामुदायिक होम स्टे | १०६८८८२ | ९६०३९० | ९७०३१७ | ९९२७ |
| जम्मा | | | | | ७४८०३ |

| | |
|---|---|
| असूल गर्नुपर्ने | ७४,८०३ |

४४ **उपभोक्ता समितीबाट खरिद तथा भुक्तानी -** सार्वजनिक खरिद नियमावलीको नियम ९७(१०) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने तथा कुनै पनि निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टरबाट गराउन नमिल्ने व्यवस्था छ। पालिकाले निम्नानुसार खरिद कार्य उपभोक्ता समितिबाट गराई रकम भुक्तानी गरेको छ। पालिकाबाट सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा उपभोक्ता समितीले पेश गरेको बिलको आधारमा भुक्तानी दिई खर्च लेखेको रकम अनियमित देखिएको रु.

| | | |
|---|---|---|
| भौचर नं. ६१ | उदीपुर बजारको संवेदनशिल क्षेत्रमा सिसि टिभि क्यामेरा जडान | २८९१३३ |

| | |
|---|---|
| अनियमित भएको | २,८९,१३३ |

४५ **न्यून बिजकिकरण -** सार्वजनिक खरिद नियमावलीको नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धाण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निम्नानुसार (अनुसूचीमा संलग्न) काममा सिमेन्ट र ईंटाको जिल्ला दररेट क्रमश रु. ८३० र १७ को आधारमा दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ । तर

उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा सिमेन्ट तथा इँटा खरिदको बिल पेश गरेकोले निम्नानुसार रकम भ्याट बापत बढी भुक्तानि भएको छ । जिल्ला दररेटको आधारमा भ्याट रकम भुक्तानी हुँदा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असूल गर्नुपर्ने | ४,९५,८११ |

**(विस्तृत विवरण बेरुजु दफा ४५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४६ **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उदीपुर रतनपुर दलाल मोटरबाटो स्तरोन्नती कार्यको माटो खन्ने कार्यमा स्लोप मिलान नगरी box cutting को हिसाबले परिमाण गणना गरी भुक्तानी गरेको छ। लेखापरीक्षणको क्रममा प्राविधिकसँग छलफल गरी निम्नानुसार परिमाण बढी भुक्तानी भएको यकिन गरिएको छ । बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| विवरण | भुक्तानी भएको | हुनुपर्ने | बढी | दर | बढी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| उदीपुर रतनपुर दलाल मोटरबाटो स्तरोन्नती कार्यको माटो खन्ने कार्यमा स्लोप मिलान नगरी box cutting को हिसाबले परिमाण गणना गरी भुक्तानी गरेको | ६३४४ | ५७१० | ६३४ | ७९.८५ | ५०६२५ | प्राविधिकसँग छलफल गरी परिमाण यकिन गरिएको |

| | |
|---|---|
| असूल गर्नुपर्ने | ५०,६२५ |

४७ **बढी दरको प्रयोग -** सार्वजनिक खरिद नियमावलीको नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धाण समितिले तोकेको दररेट र सम्बन्धित नर्म्सको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार (अनुसूचीमा संलग्न) उपभोक्ता समितिबाट सञ्चालित योजनाहरूमा माटो खन्ने तथा ग्याविन जाली लगाउने काममा निम्नानुसार बढी दरमा भुक्तानी गरेकोले रु. १४२८०२ बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असूल गर्नुपर्ने | १,४२,८०१ |

**(विस्तृत विवरण बेरुजु दफा ४७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४८ **बीमा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पूण जोखिम

वहन गर्ने गरी बीमा गराउनु पर्ने तथा बीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल बमोजिमका ठेक्काहरूमा बीमा नै नगराई तथा कम अवधिको बीमा गराई निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको छ। तोकिए बमोजिम बीमा गरेर मात्र निर्माण कार्य गराउने तर्फ यसरी पालिकाले ध्यान दिनुपर्दछ ।

| क्र.सं. | काम | निर्माण व्यवसायी | बीमा खर्च (रु.) | बीमा |
|---|---|---|---|---|
| १ | मर्स्याङ्दी पुल चिती तिलहार सडक | Santosh Nirman sewa | ० | नगरेको |
| २ | रिठेबगर उदिपुर् सडक | Santosh Nirman sewa | ० | नगरेको |
| ३ | जिल्ल्ला अस्पताल चोक देखि मर्स्याङ्दीपुल हुँदै१० वडा कार्यालय सम्मको सडक स्तरोन्नति | G.T. Construction | ५०००० | १५ दिनको मात्र बिमा गरेको |
| ४ | पिच बाटो मर्मत | Anshu Engineering & Construction | २५००० | पुरा अवधिको नगरेको |
| ५ | सिलांगेमोड चम्डिला पुरानकोट सडक | रत्नदेवी कन्स्ट्रक्सन | ४८३६४ | १ महिनाको मात्र बिमा गरेको |
| ६ | वडा कार्यालय भवन तथा बर्थिङ सेन्टर | सिद्धि विनायक निर्माण सेवा बे न पा २ | ० | नगरेको |

४९ **परामर्श तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ । उक्त योजनाहरू मध्ये एकमा लागतको तुलनामा नगन्य बजेट विनियोजन तथा २ योजनामा बजेट व्यवस्था नभएकोले कार्यान्वियन नहुने देखिन्छ । बजेट व्यवस्थापनको सुनिश्चितता हुने आयोजनाको मात्र सर्भेक्षण गर्ने र सर्भेक्षण भएका योजनाहरू कार्यान्वयनमा लैजानु पर्दछ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम (रु.) | खर्च रकम (रु.) | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत (रु.) | हाल आयोजनाको अवस्था |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| उदीपुर कालिका मन्दिर डि पि आर | एस वाई डिजायन एण्ड ईन्जिनियरिङ स्टुडियो | ५०००० | ४९८०७४ | ७८९७८५६० | चालु आ.व. मा रु. ५ लाख बजेट विनियोजन भएको |
| दनाईफाँट डि पि आर | सक्षण ईन्जिनियरिङ सोलुसनन्स | १००००० | ९९१५७५ | ३५१४०२४२ | बजेट व्यवस्था नभएको |
| सहजी बसपार्क डि पि आर | | | | ४६४७०३९२ | बजेट व्यवस्था नभएको |
| जम्मा | | १५००००० | १४८९६४९ | | |

५० **मुआब्जा -** पालिकाले मिति २०७९।११।१५ को नगरप्रमुख स्तरीय निर्णयबाट मर्स्याङ्दी नदीमा आएको बाढीका कारण रिठ्ठेबगर तिलाहार चिती सडक अवरुद्ध भई वैकल्पिक सडक खुलाउनुपर्ने र वैकल्पिक सडक खुलाउन निम्नानुसार २ व्यक्तिको केही जग्गा स्थायी रूपमा प्रयोग गर्नुपर्ने जनाई निज जग्गाधनीहरूलाई मुआब्जा उपलब्ध गराएको छ। तर उपरोक्त जग्गामा सार्वजनिक बाटो कायम गरिएको छैन । मुआब्जा वितरण गरिएको जग्गा सार्वजनिक जग्गामा परिणत गरी प्रमाण पेश गर्नुपर्ने रु.

| भौचर नं. | जग्गा धनीको नाम | जग्गाको विवरण | मुआब्जा रकम |
|---|---|---|---|
| २११ | श्री लक्षुमन पन्त | किता नं ८९६, ८९३ क्षेत्रफल २-१-१-२, १-३-१-० मध्ये आंशिक | २००००० |
| २११ | श्री ईन्द्र कुमारी पन्त | किता नं ८९५, ८९७ क्षेत्रफल ०-१५-०-०, ०-९-१-२ मध्ये आंशिक | २००००० |
| जम्मा | | | ४००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,००,००० |

५१ **पुर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पुर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । वडा नं. ५ को कार्यालय भवन निर्माण ठेक्कमा निर्माणको लागि निर्माण व्यवसायी श्री समर विल्डिङ्ग कन्स्ट्रक्सन कम्पनी सँगको सम्झौताको GCC५५.१ मा सम्झौतामा तोकिएको अवधिमा कार्यसम्पन्न नगरेमा प्रतिदिन सम्झौताको ०.०५ प्रतिशतको दरले पुर्वनिर्धारित क्षतिपूर्ति लगाउने व्यवस्था छ।

निम्नानुसार योजनाको सम्झौता अवधि भित्र कार्यसम्पन्न नभई योजना अधुरो रहेको छ । सम्झौता तथा खरिद कानुन अनुसार पुर्वनिर्धारित क्षतिपूर्ति असूल गरी कार्यसम्पन्न गर्नुपर्ने रु.

| योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | ठेक्का अवधि | २०७९।८० सम्मको ढिला दिन | पुर्वनिर्धारित क्षतिपूर्ति रु. |
|---|---|---|---|---|---|
| वडा कार्यालय भवन तथा बर्थिङ सेन्टर | सिद्धि विनायक निर्माण सेवा बे न पा २ | ३८२२५८६ | २०७९।३।१५ | ३८० | ३८२२५८ |
| पिच बाटो मर्मत | Anshu Engineering & Construction | ५२५३५५५ | २०८०।३।२० | १२ | ३१५२१ |
| जम्मा | | | | | ४१३७७९ |

| असूल गर्नुपर्ने | ४,१३,७७९ |
|---|---|

५२ **लगत कट्टा भएका व्यक्तिको भत्ता निकासा -** सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाउने व्यक्तिको मृत्यु भएमा वा त्यस्तो सामाजिक सुरक्षा भत्ता पाउन योग्य नरहेमा उक्त लाभग्राहीलाई भत्ता पाउने सूचीबाट हटाई लगत कट्टा भएको दिनदेखि भत्ता दिन रोक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले त्रैमासिक रूपमा भत्ता वितरण गर्दा देहाएका व्यक्तिको लगत कट्टा पश्चात पनि भत्ता निकासा गरेको र बैङ्कले पठाएको फिर्ताको विवरणमा पनि फिर्ता नभई जम्मा भएको देखिएकोले तपसील बमोजिमको सामाजिक सुरक्षा भत्ता असूल गरी सङ्घीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| वडा नं | नाम | लगत कट्टा हुनुपर्ने मिति | कुल भुक्तानी रु. | बढी भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | नर बहादुर चापागाई | २०८०।०१।०५ | १२,००० | ११,३३४ | चौथो त्रैमासिक |
| १० | मिन्दु गुरुङ | २०७९।०५।२३ | १२,००० | ४,९३३ | प्रथम त्रैमासिक |
| ३ | तिल कुमारी बसौला | २०७९।१०।१३ | १२,००० | १०,२६६ | तेस्रो त्रैमासिक |
| ६ | कृष्ण बहादुर सार्की | २०७९।०६।३१ | १२,००० | १२,००० | दोस्रो त्रैमासिक |
| | जम्मा | | | ३८,५५३ | |

| असूल गर्नुपर्ने | ३८,५३३ |
|---|---|

५३ **औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। यस स्थानीय तहले मेडिसेल्स फर्माबाट रु. १४ लाख १४ हजार ४३४ को औषधि ईविडिङद्धारा खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छन्ः

- औषधि खरिदका लागि लागत अनुमान तयार गर्दा स्वास्थ्य विभागको स्वीकृत दररेटलाई आधार नलिएको,
- खरिद गरी ल्याइएका निशुल्क वितरण गर्नुपर्ने केही औषधिमा निशुल्कको छाप नहानेको,

तसर्थ औषधि खरिद कार्य व्यवस्थित गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| गो.भौ.नं. र मिति | आपूर्तिकर्ता | खरिद विधि | रकम |
|---|---|---|---|
| १६८।२०८०।०१।१४ | मेडिसेल्स फर्मा | ईविडिङ | ७,१४,४७९ |
| २८८।२०८०।०३।१२ | मेडिसेल्स फर्मा | ईविडिङ (पुरानो दररेटमा) | ६,९९,९५५ |
| जम्मा | | | १४,१४,४३४ |

५४ **न्यानो झोला कार्यक्रम -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदानतर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरूको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरूले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । ४ बर्थिङ सेन्टर रहेको यस पालिकाले ५५० थान न्यानो झोला रु. ४,९२,८४९।०० मा खरिद गरेको छ। खरिद भएका त्यस्ता झोलाहरू तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आँकलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

५५ **छात्रवृत्ति -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार पालिकाले सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थी हरूका लागि छात्रवृत्ति अनुदान ईमिस डाटा अनुसार स्वीकृत दररेट बमोजिम उपलब्ध गराउने व्यवस्था छ।

५५.१ निम्न विद्यालयले लेखापरीक्षण अवधि सम्म छात्रवृत्ति रकम विद्यार्थीले बुझेको भरपाई पेश नगरेकोले आवश्यक प्रमाण कागजात पेश गर्नुपर्ने रु.

| विद्यालयको नाम | छात्रवृत्ति निकासा रकम (रु.) |
|---|---|
| लक्ष्मी वालमन्दिर प्रा. वि. बेसीसहर नगरपालिका | ४,००० |
| समदर्शी प्रा. वि. बेसीसहर नगरपालिका ९ | १,६०० |
| वुद्धि विकास प्रा. वि. वाँझाँखेत बेसीसहर नगरपालिका | ८०० |
| कन्याज्योति प्रा. वि. बेसीसहर नगरपालिका | २,४०० |
| जम्मा | ८,८०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,८०० |

५५.२ छात्रवृत्ति वितरण सम्बन्धमा विद्यालयबाट भरपाई पेश हुँदा रकम निकासा भएको विद्यार्थी संख्या भन्दा कम संख्यामा वितरण भएको र विद्यालयले भरपाई सँगै पेश गरेको पत्रमा रकम बचत भएको भनी उल्लेख गरेको तर रकम फिर्ता नगरेकोले बाँकी रहेको रकम सम्बन्धित विद्यालयबाट असूल गरी सङ्घीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

| विद्यालयको नाम | निकासा रकम | वितरित रकम | असूल हुनुपर्ने रकम |
|---|---|---|---|
| जनकल्याण मा. वि. उदिपुर बेसीसहर नगरपालिका | ६०,००० | ५३,२०० | ६,८०० |
| गंगामिलन मा. वि. मकैडाँडा बेसीसहर नगरपालिका | ३३,६०० | २९,२०० | ४,४०० |
| जम्मा | | | ११,२०० |

| | |
|---|---|
| असूल गर्नुपर्ने | ११,२०० |

५६ **पाठ्यपुस्तक -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० अनुसार पालिकाले सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थी हरूका लागि निशुल्क पाठ्यपुस्तक अनुदान ईमिस डाटा अनुसार स्वीकृत दररेट बमोजिम उपलब्ध गराएकोमा निम्न विद्यालयले लेखापरीक्षण अवधि सम्म पाठ्यपुस्तक बापतको रकम बुझेको भरपाई पेश नगरेकोले आवश्यक प्रमाण कागजात पेश गर्नुपर्ने रु.

| विद्यालयको नाम | निकासा रकम |
|---|---|
| बुद्धि विकास प्रा. वि. सांदु बेसीसहर नगरपालिका | १,५५५ |
| शिवशक्ति प्रा. वि. गाउँशहर बेसीसहर नगरपालिका | १,४८३ |

| | |
|---|---|
| जलदेवी प्रा. वि. झगरिया बेसीसहर नगरपालिका | ३,६८६ |
| जम्मा | ६,७२४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,७२४ |

५७ **शिक्षक विद्यार्थी अनुपात -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार (अनुसूची संलग्न छ) रहेको देखिन्छ।

- स्थानीय तह मातहतमा रहेका ५१ विद्यालयमा ३०२ शिक्षक दरबन्दी रहेकोमा ३०२ नै पदपूर्ति भएको र पदपूर्ति मध्ये ७१ करारमा देखिन्छ। दरबन्दी अनुसारको स्थायी शिक्षक पदपूर्ति हुनुपर्दछ।

- विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएका विद्यालयहरू सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरुजु दफा ५७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५८ **स्यानिटरी प्याड खरिद -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक चौमासिक वा अर्धवार्षिक रूपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरूमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरू १५२१ जना रहेका छन्। पालिकाले भौ. नं. २९५ बाट २२,११४ थान स्यानिटरी प्याड रु. ५,२१,२६६।०० (मु अ कर समेत) मा खरिद गरेको छ। खरिद गरिएका प्याडहरू भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रूपमा राखेको पाइएन साथै पालिकाद्वारा विद्यालयमा उक्त प्याडको प्रयोग र व्यवस्थापन सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

५९ **कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरणका लागि अतिरिक्त कक्षा -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.८.१४ अनुसार कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपतको समयमा सिकाई नियमित पठनपाठन हुन नसकेका सिकाई निरन्तरताको लागि विभिन्न १४ वटा विद्यालयलाई रु. २५,०००।०० देखि रु. ३५,०००।०० का दरले रु. ३,७४,०००।०० निकासा दिएकोमा विद्यार्थीहरूको हाजिरी प्रमाणित नभई शिक्षकले अतिरिक्त कक्षा बापतको पारिश्रमिक बुझिलिएको देखीएकोले अतिरिक्त कक्षा सञ्चालन भए नभएको सम्बन्धमा यकिन हुन सकिएन। अतिरिक्त कक्षा सञ्चालन भएको आवश्यक प्रमाण कागजात पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,७४,००० |

६० **ग्रेड बढी निकासा -** स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी यकिन विवरण अद्यावधिक गरी सोही अनुसार दरबन्दीमा शिक्षक अनुदान कोटामा र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकका लागि विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान दिनुपर्ने कार्यक्रम कार्यन्वयन पुस्तिकाको बुँदा नं. २.१ मा व्यवस्था रहेको छ।

६०.१ नगरपालिकामा सञ्चालनमा रहेका कुल ५१ विद्यालयमध्ये नमुना छनौटका आधारमा निम्न विद्यालयको तलब भत्ता निकासाको परिक्षण गर्दा शिक्षकको तलबी प्रतिवेदनलाई भिडाउँदा निम्न विद्यालयका शिक्षकको ग्रेड रकम बढी निकासा भएको पाइकोले पारित तलबी प्रतिवेदन भन्दा बढी निकासा भएको ग्रेड रकम सम्बन्धितबाट असूल गरी सङ्घीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| विद्यालयको नाम | शिक्षकको नाम | तलबी प्रतिवेदनमा ग्रेड | निकासा भएको ग्रेड | दर | १२ महिनाको बढी निकासा रकम |
|---|---|---|---|---|---|
| लमजुङ मा. वि. ३ बेसीसहर नगरपालिका | सुरेन्द्र बसौला | ६ | ७ | १,१५८ | १३,८९६ |
| जम्मा | | | | | १३,८९६ |

| | |
|---|---|
| असूल गर्नुपर्ने | १३,८९६ |

६०.२ नगरपालिकामा सञ्चालनमा रहेका कुल ५१ विद्यालयमध्ये नमुना छनौटका आधारमा निम्न विद्यालयको तलब भत्ता निकासाको परिक्षण गर्दा विद्यालयबाट माग भए भन्दा बढी रकम निकासा भएको पाइयो। यसरी माग भन्दा बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असूल गरी सङ्घीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| विद्यालयको नाम | त्रैमासिक | निकासा हुनुपर्ने रकम | निकासा रकम | बढी निकासा |
|---|---|---|---|---|
| जनविकास मा. वि. ७ बेसीसहर नगरपालिका | दोस्रो | २७,८४,७९९ | २७,९६,८८३ | १२,०८४ |
| जम्मा | | | | १२,०८४ |

| | |
|---|---|
| असूल गर्नुपर्ने | १२,०८४ |

६१ **गरिबसँग विश्वेश्वर कार्यक्रम -** गरिबसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका (तेस्रो संसोधन) २०६६ अनुसार यस नगरपालिकामा सञ्चालन भएको गरिबसँग विश्वेश्वर कार्यक्रममा रहेको कुल बजेट रु. ६,३०,०००।०० मध्ये रु. ६,२६,०००।०० खर्च भएको छ। उक्त खर्च मध्ये सामाजिक परिचालकको तलब मात्र वार्षिक रु. ४,१०,०००।०० खर्च भएको देखिन्छ। बाँकी रकमबाट २ वटा समूहका १० जना लाभग्राहीलाई १० वटा वाखा र ७ समूहलाई १०१ कुखुराका

चल्लाहरू खरिद गरी वितरण गरेकोमा वितरण गरिसकेपछि त्यसको अवस्था र उपलब्धी बारे अनुगमन गरी प्रतिवेदन पेश नभएकोले उक्त कार्यक्रम लक्ष्योमुखी भएको यकिन हुन सकेन। आगामी वर्षमा पालिकाले यस कार्यक्रममा सुधारको कदम चाल्नुपर्छ ।

६२ **पाईप तथा तरजाली वितरण -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले रु.११,७३,९५७।०० को पाईप र रु.१७,७८,७५०।०० को तारजाली खरिद गरी तोक आदेशको आधारमा वितरण गरेको छ । वास्तविक आवश्यकता पहिचान गरी वडा सिफारिसको आधारमा मात्र वितरण गरेर सदुपयोग हुने सुनिश्चितता गर्नुपर्दछ ।

६३ **लघु उद्यम विकास कार्यक्रम -** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ४१(३) अनुसार प्रविधि हस्तान्तरण सम्बन्धी प्रक्रियामा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अङ्कको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले उक्त कार्यक्रम अनुसार विभिन्न प्रविधिहरू खरिद गरि वितरण गरेकोमा कुल लागतको २० प्रतिशत रकम उद्यमीलाई जम्मा गर्न नलगाई आपूर्तिकर्तालाई शत् प्रतिशत रकम भुक्तानी गरेको छ। उद्यमीहरूलाई २० प्रतिशत लागत सहभागिता जम्मा गर्न नलगाई शत् प्रतिशत भुक्तानी गरेको अनियमित देखिएको रु.

| भौचर नं. | विवरण | बिल अनुसारको रकम | २० प्रतिशत रकम |
|---|---|---|---|
| ११३ | २१ वटा सिलाई मेसिन वितरण | २,४९,१६५ | ४९,८३३ |
| ३०५ | वोयर वाखा पाठी वितरण | १,३२,००० | २६,४०० |
| ३०५ | जस्तापाता वितरण | १,०२,००० | २०,४०० |
| १९५ | गोला सहितको मौरी घार वितरण | ९९,००० | १९,८०० |
| **जम्मा** | | | **१,१६,४३३** |

| | |
|---|---|
| अनियमित भएको | १,१६,४३३ |

६४ **कृषि तथा पशुमा अनुदान -** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकीकरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारिता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन बनाउनुपर्दछ। साथै अनुदानमा बिउ वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नुपर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष सञ्चालित प्रमुख कार्यक्रम देहाय अनुसार छन्:

| भौचर नं. | विवरण | अनुदान रकम (रु.) |
|---|---|---|
| २२३ | ५० प्रतिशत अनुदानमा मह प्रशोधन औजार सामाग्री वितरण कार्यक्रम (नगरपालिका पुंजीगत तर्फ) | १,१९,४०० |
| १८३ | ५० प्रतिशत अनुदानमा तरकारी खेती कार्यक्रम (नगरपालिका पुंजीगत तर्फ) | २,६५,००० |
| ३१९ | ५० प्रतिशत अनुदानमा नयां सुन्तला जात फलफुल वालि पकेट विकास कार्यक्रम सञ्चालन | १०,५६,६६३ |
| ३६६ | ५० प्रतिशत अनुदानमा गोला सहितको मौरीको घार वितरण कार्यक्रम (नगरपालिका पुंजीगत तर्फ) | ३,६१,२२५ |
| १३७ | ५० प्रतिशत अनुदानमा नयाँ बाखा पकेट विकास कार्यक्रम सञ्चालन | ४,९९,५०० |
| ९० | ५० प्रतिशत अनुदानमा घाँस विकास कार्यकम | २,३९,६२० |
| ६०३ | ५० प्रतिशत अनुदानमा मोडल फार्म स्थापना कार्यक्रम (नगरपालिका पुंजीगत तर्फ) | ५,५४,०४८ |
| ६०६ | ५० प्रतिशत अनुदानमा कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत ११४ वटा मिनिटिलर वितरण कार्यक्रम (नगरपालिका पुँजीगत तर्फ) | २५,१२,००० |

- अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलब्धी मापन गरेको छैन। अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। अनुदान रकम विभिन्न तरिकाबाट स-साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुँदा ठूला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ। साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको यकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

- कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि बीमा तथा पशु बीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य बीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा बीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिई अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो। एक सरकारले ल्याएको नीतिलाई अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

- ५० प्रतिशत अनुदानमा नयाँ सुन्तला जात फलफुल बाली पकेट विकास कार्यक्रम सञ्चालन गर्दा समूहले कार्यविधि अनुसार खेती गर्न सक्ने सम्भाव्य जग्गाको लालपूर्जा पेश गरेको देखिन्छ साथै पालिकाले कार्यक्रम सञ्चालनका लागि बिल भरपाईका आधारमा रकम भुक्तानी दिएको छ।

पालिकाले जग्गाको विवरण प्राप्त भएपछि जग्गाको स्थान, अवस्था र सहजताबारे अनुगमन नगरी सिधै कार्यक्रमका लागि भुक्तानी गरेकोले आगामी दिनमा अनुगमन गरी जग्गा उपयुक्त भएमा मात्र कार्यक्रम सञ्चालन गर्न तर्फ पालिकाले जोड दिनुपर्दछ।

- कृषक तालिम सञ्चालन गर्दा सबै वडाका कृषकहरूलाई समेट्न नसकेकोले समय मिलाई सबै वडाका किसान समेटिने गरि तालिम सञ्चालन गरिनुपर्दछ।

६५ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरूमा सरसफाई, नाली खन्ने, पहिरो सफा गर्ने, ग्याविन जाली भर्ने तथा बाटो निर्माण काम लगायतका १९ निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष ८३ जनालाई रोजगारी उपलब्ध गराई कुल ज्याला रु. ४१ लाख २ हजार ४८० खर्च गरेको छ। लक्षित वर्गलाई औषत ७४ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी मात्र सृजना हुने भएकोले कामको दिगोपना तथा दीर्घकालिन रोजगारी सिर्जना गर्ने तर्फ समेत ध्यान दिनुपर्ने देखिन्छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अन्तर्गत् सञ्चालन भएको सम्पूर्ण योजनाहरूमा कार्यसम्पन्न गर्दा कार्यसम्पन्न प्रतिवेदन तथा कार्य स्वीकारमा मिति उल्लेख नगर्ने गरेकोले समयावधि भित्रै काम सम्पन्न भए नभएको यकिन हुन सकिएन। पालिकाले यस तर्फ उचित ध्यान दिन आवश्यक देखिन्छ।

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अन्तर्गत सञ्चालन भएको सम्पूर्ण योजनाहरूमा कार्यसम्पन्न गर्दा काम अघि र काम पछिको दुईवटै फोटो पेश गर्ने भनी सम्झौता भएकोमा १८ वटा योजनाको कार्यसम्पन्न पेश गर्दा काम हुनु पहिलेको फोटो पेश नगरेकोले यसको सुधारतर्फ पालिकाले जोड दिनुपर्दछ।

६६ **सरकारी खर्चमा शुभकामना प्रकाशन/प्रशारण -** अर्थ मन्त्रालयबाट जारी भएको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा ६(२) मा सरकारी खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न नपाइने व्यवस्था छ। पालिकाले विभिन्न अवसरमा पत्रपत्रिका तथा सञ्चार माध्यममा पालिकाको तर्फबाट शुभकामना सन्देश प्रकाशन/प्रसारण गरेको छ । यस्तो खर्चमा नियन्त्रण गरी सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ । केही उदाहरण निम्नानुसार छन् ।

| भौचर नं | सञ्चार माध्यम/ पत्रपत्रिका | विवरण | रकम (रु.) |
|---|---|---|---|
| ८२ | क्रियटिभ मिडिया नेटवर्क प्रा.लि. | नयाँ वर्षको शुभकामना | १५००० |
| १८४ | स्वतन्त्र शक्ति सासाहिक | दशैं तिहार शुभकामना | १५००० |
| २९० | सारङ्गी न्यूज नेटवर्क प्रा.लि. | विजयादशमी तथा दीपावलीको शुभकामना | १५००० |
| ८५६ | सारङ्गी न्यूज नेटवर्क प्रा.लि. | नयाँवर्षको शुभकामना | १५००० |

| | | | |
|---|---|---|---|
| ८८६ | नयाँ प्रकाशन प्रा.लि. | शुभकामना | १०००० |
| ६०५ | बि एण्ड बि पब्लिसर एण्ड डिस्ट्रिब्युटर्स | | १५००० |

६७ **होटलमा कार्यक्रम** - गण्डकी प्रदेश खर्च मापदण्ड २०७९ को दफा ६(१) मा तालिम, प्रशिक्षण, गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा उपलब्ध भएसम्म सरकारी हलहरूमा सञ्चालन गर्नुपर्ने व्यवस्था छ । नमुना परीक्षणको क्रममा यस स्थानीय तहले नगरपालिका चालुतर्फ देहायबमोजिम विभिन्न तालिम/कार्यक्रमहरू होटलमा सञ्चालन गरेको खर्च लेखेको छ । सरकारी हलहरू उपलब्ध हुने अवस्थामा होटलहरूमा यस्ता कार्यक्रम गर्दा थप आर्थिक व्ययभार पर्न जाने हुँदा कार्यक्रमको आवश्यकता हेरी उपलब्ध भएसम्म सरकारी हलहरूमा यस्तो कार्यक्रम सञ्चालन गरी खर्चमा मितव्ययिता अपनाउनुपर्दछ।

| भौचर नं | तालिम/कार्यक्रम | तालिम स्थल (होटल) | पालिकाबाट खर्च रकम (रु.) |
|---|---|---|---|
| ८६९ | २ दिने सार्वजनिक खरिद सम्बन्धी तालिम | वरण्डा रेष्ट्रो एण्ड इभेन्टस | २४०७६० |
| १०७९ | सहकारी सम्बन्धी तालिम | होटल टुकुचे | ८८२२६ |
| १३२८ | फोर के मल्टिमिडिया सँगको साझेदारीमा दलित लक्षित लोक सेवा कक्षा (१२ दिने) | होटल टुकुचे | १५०००० |
| जम्मा | | | ४७८९८६ |

६८ **प्रशिक्षक खर्च** - गण्डकी प्रदेश खर्च मापदण्ड, २०७९ अनुसार जिल्ला तथा स्थानीय स्तरमा तालिम केन्द्र वा प्रतिष्ठानबाट सञ्चालन हुने सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशालामा प्रशिक्षकको कार्यपत्र र प्रवचन बापत छुट्टा छुट्टै गरी अधिकतम प्रतिकक्षा रु.२५०० सम्म पारिश्रमिक दिन सकिने व्यवस्था छ । पालिकाले उल्लिखित मापदण्डमा उल्लेख भएभन्दा बढी दरमा सम्झौता गरी प्रशिक्षकलाई भुक्तानी दिएको देखिन्छ । मापदण्ड भन्दा बढी सम्झौता गरी भुक्तानी दिएकोले अनियमित देखिएको रु.

| **भौचर नं** | **तालिम/कार्यक्रम** | **प्रशिक्षक** | **सम्झौता रकम (रु.)** | **बढी भुक्तानी (रु.)** |
|---|---|---|---|---|
| ७९९ | ३ दिने मेलमिलाप सहजकर्ता तालिम | विनिता गुरुङ | प्रतिसेसन ३४०० का दरले जम्मा ३ दिनको (१२ सेसन) ४०८०० | १०८०० |
| ८६९ | २ दिने सार्वजनिक खरिद सम्बन्धी तालिम | दिनेश लम्साल | दैनिक १५००० का दरले २ दिनको रु.३०००० | १०००० |
| जम्मा | | | | २०८०० |

| | |
|---|---|
| अनियमित भएको | २०,८०० |

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

**आर्थिक वर्षः** २०७९/८०

**कार्यालय र स्थानः** बेसीशहर नगरपालिका, लमजुङ, बेसीशहर नगरपालिका, लमजुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चेतनाथ अर्याल | २०८०-८-४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | ईमनाथ कडेल | २०७८-८-१ | २०८०-५-३१ |
| लेखा प्रमुख | सृजना पौडेल | २०७९-६-९ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७,३३८,३८७ | ४,३८४,१९८ | ९२४,४७२ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रु.** | | | | | १२,६४७,०५७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजु रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रु.** | | | | | १२,६४७,०५७ |

**आर्थिक कारोबारको स्थितिः**

| **गत वर्षको जिम्मेवारी** | | ११७९८६७८८.८४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **सङ्घीय सरकारबाट अनुदान** | ४७०७९०७०९ | **चालु खर्च** | ४३०२८५०५१.४६ |
| **प्रदेश सरकारबाट अनुदान** | २८९२९५०० | **पुँजीगत खर्च** | २६०३४८४९७ |
| **राजश्व बाँडफाँट** | १२६४८२२५०.८ | **वित्तिय/अन्य व्यवस्था** | २२१५७४७५६.६४ |

| | | | |
|---|---|---|---|
| आन्तरिक आय | २७९११०६३.०७ | | |
| अन्य आय | २०४९४५४०८.९९ | | |
| कुल आय | ८५९०५८९३१.८६ | कुल खर्च | ९१२२०८३०५.१ |
| बाँकी मौज्दात | | ६४८३७४१५.६ | |

## बेरुजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -२

| क्र. सं. | विवरण | रकम | जम्मा | क्र. सं. | विवरण | रकम | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैंक मौज्दात रकम (अ.ल्या) | | ११७९८६७८८.८४ | १ | क)कुल खर्च (पालिका तर्फ) | | ३६२५९०४९६.११ |
| | ग-४-१सन्चित कोष | ९५४१०४९१.४८ | | | चालु खर्च | १४८५७३९७६.११ | |
| | धरौटी मौज्दात-ग-३ | ५६२६१५३.०० | | | पुँजीगत खर्च | २१४०१६५२०.०० | |
| | ग-५-१ विविध कोष | ६१५९४१.३६ | | | ख)सङ्घीय अनुदान खर्च जम्मा | | ३१७९७३५९९.३५ |
| | ग-७-२ प्रकोप कोष | ५४०४४३९.०० | | २ | सशर्त अनुदान खर्च | ३०२९७३५९९.३५ | |
| | ग-२-७ विविधखर्च खाता | १०९२९७६४.०० | | ३ | समपुरक अनुदान | १५०००००.०० | |
| २ | सङ्घीय वित्तिय हस्तान्तरण | | ४७०७९०७०९.०० | ४ | विशेष अनुदान | ०.०० | |
| | वित्तिय समानिकरण | १३८९०४८००.०० | | ५ | ग)प्रदेश अनुदान खर्च जम्मा | | १००६९४५३.०० |
| | सशर्त अनुदान संघ | ३१६८८५९०९.०० | | ६ | प्रदेश विशेष अनुदान खर्च | ४५३६०९०.०० | |
| | समपुरक अनुदान | १५०००००.०० | | ७ | प्रदेश समपुरक अनुदान खर्च | ५५३३३६३.०० | |
| | विशेष अनुदान | ०.०० | | ८ | घ)कार्यसञ्चालन कोष तर्फको खर्च | | १७५११८९०.५० |
| ३ | प्रदेश वित्तिय हस्तान्तरण | | २८९२९५००.०० | ९ | बेसिशहर नगरपालिका प्रकोप व्यवस्थापन कोष (कोभिड -१९) | ११५३००.०० | |
| | प्रदेश समानिकरण | १५७९४५००.०० | | १० | बेसिशहर नगरपालिका प्रकोप व्यवस्थापन कोष | २२५०००.०० | |
| | विशेष अनुदान पुँजीगत | ४६६७०००.०० | | ११ | विविध कोष ग-५-१ | ०.०० | |
| | समपुरक अनुदान | ८४६८०००.०० | | १२ | क- सडक वोर्ड-ग-२-७ | १५११८२०२.०० | |
| ४ | आन्तरिक आय, बाट प्राप्त | २७९११०६३.०७ | २७९११०६३.०७ | | ख- कन्टेन्जेन्सी खर्च -ग-२-७ | ३७७०००.०० | |
| ५ | जम्मा राजश्व बाँडफाँड | | १२६४८२२५०.८० | | ग- प्रदेश स्थानीय शासन सहयोग कार्यक्रम | ३८०९४२.५० | |
| | सङ्घीय राजश्व बाँडफाँडबाट प्राप्त | ९०८८७६६६.८० | | | ङ- जिल्ला समन्वय समितिबाट प्राप्त कार्यक्रम | ५०७९५४.०० | |
| | प्रदेश राजश्व बाँडफाँडबाट प्राप्त सवारी साधन कर | १४९००१७१.०० | | | च- नेपाल टेलिकमबाट प्राप्त | १६००००.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्थानीय राजश्व वाडफाँडबाट प्राप्त | | | | ज-विद्युत प्राधिकरण (चिती नाला) | ६२७४९२.०० | |
| | वाडफाँड भई प्राप्त दहत्तर वहत्तरको बिक्रीबाट प्राप्त (६० प्रतिशत) | १०१३६५००.०० | | | ङ)अन्तरसरकारी अख्तियारी खर्च | | १८३२६८९५९.४९ |
| | घरजग्गा रजिष्ट्रेशन दस्तुर | १०१३०२१५.०० | | | सामाजिक सुरक्षा तथा संरक्षण | १८२६४२९५९.४९ | |
| | वाडफाडबाट प्राप्त विज्ञापन कर | ४२७६९८.०० | | १३ | गरिबसंग विश्वेश्वर कार्यक्रम | ६२६०००.०० | |
| ६ | अन्तरसरकारी अख्तियारी | | १८३२६८९५९.४९ | १४ | च)धरौटी खर्च(फिर्ता/ सदरस्याहा) | ३८१६०५०.०० | ३८१६०५०.०० |
| | सामाजिक सुरक्षा तथा संरक्षण | १८२६४२९५९.४९ | | १५ | छ)निकाशा फिर्ता | | १६९७७८५६.६५ |
| | गरिबसंग विश्वेश्वर कार्यक्रम | ६२६०००.०० | | | सङ्घीय(ससर्त) निकाशा फिर्ता | १३९१२३०९.६५ | |
| ७ | कार्यसञ्चालन कोष तर्फको आय | | १८०१९२५४.५ | | प्रदेश ससर्त /समपुरक निकाशा फिर्ता | ३०६५५४७.०० | |
| | प्रकोप व्यवस्थापनको लागि अन्य स्रोतबाट सहायता कोभिड-१९-ग-७-२ | ०.०० | | | ज)बैंक मौज्दात | | ६४८३७४१५.६० |
| | विविध खर्च खाता ग-२-७ | ०.०० | | | ग-१-१ आन्तरिक राजश्व खाता | ०.०० | |
| | क- सडक वोर्ड-ग-२-७ | १६१९२५३२.०० | | | ग-१-२ बाँडफाडबाट प्राप्त राजश्व खाता | ०.०० | |
| | ख- कन्टेन्जेन्सी खर्च -ग-२-७ | ०.०० | | | ग-१-३ आन्तरिक अनुदान खाता | ०.०० | |
| | ग- प्रदेश स्थानीय शासन सहयोग कार्यक्रम | ३८०९४२.५० | | | ग-२-२ चालु खर्च खाता (जोर वर्ष) | ०.०० | |
| | घ- औधोगिक ग्राम स्थापना र सन्चालन का. उद्योग मन्त्रालय | ०.०० | | | ग-२-४ पुंजीगत खर्च खाता (जोर वर्ष) | ०.०० | |
| | ङ- जिल्ला समन्वय समितिबाट प्राप्त | ६०७०००.०० | | | ग-२-७ विविध खर्च खाता | ११७७७४२८.०० | |
| | च- नेपाल टेलिकमबाट प्राप्त | १६००००.०० | | | ग-३ धरौटी खाता | ५४६७२९८.०० | |
| | छ- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान | ०.०० | | | ग-४-१ सञ्चित कोष खाता | ४१९१२६०९.२४ | |
| | ज-विद्युत प्राधिकरण (चिती नाला) | ६७८७८०.०० | | | ग-५-१ विविध कोष खाता | ६१५९४१.३६ | |
| | झ-सामाजिक विकास मन्त्रालय | ०.०० | | | ग-६-१ विभाज्य कोष खाता | ०.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विविध कोष ग-५-१ | ०.०० | ०.०० | | ग-७-२ प्रकोप व्यवस्थापन कोष खाता | ५०६४१३९.०० | |
| ८ | धरौटी आय | ३६५७१९५.०० | ३६५७१९५.०० | | | | |
| | कुल जम्मा | ९७७०४५७२०.७० | ९७७०४५७२०.७० | | कुल जम्मा | ९७७०४५७२०.७० | ९७७०४५७२०.७० |

## बेरुजु दफा ४५ सँग सम्बन्धित विवरण - अनुसूची -३

| भौचर नं. | योजनाको नाम | निर्माण सामाग्री | खपद परिमाण (गोटा/बोरा) | भुक्तानी दर | खरिद दर | फरक दर | भुक्तानी | मु अ कर |
|---|---|---|---|---|---|---|---|---|
| ३२ | श्री जनविकास मा वि | सिमेन्ट | ४५५ | ८३० | ७०८ | १२२. | ५५५१० | ७२१६ |
| ३२ | श्री जनविकास मा वि | ईँटा | २७६८२ | १७ | ७.५ | ९.५ | २६२९७९ | ३४१८७ |
| ४३ | श्री बालविकास मा वि, रामचोकबेसी चिती | सिमेन्ट | १९० | ८३० | ६१० | २२०. | ४१८०० | ५४३४ |
| ४३ | श्री बालविकास मा वि, रामचोकबेसी चिती | ईँटा | २५३४० | १७ | ७ | १०. | २५३४०० | ३२९४२ |
| ३४ | श्री सेवासदन मा वि, पुरानोकोट | सिमेन्ट | १०३ | ८३० | ६०५ | २२५. | २३१७५ | ३०१३ |
| ३४ | श्री सेवासदन मा वि, पुरानोकोट | ईँटा | ४४२० | १७ | १० | ७. | ३०९४० | ४०२२ |
| ४२ | श्री कालिका मिलन मा वि चिसापानी | सिमेन्ट | ३८३ | ८३० | ६३७ | १९३. | ७३९१९ | ९६०९ |
| ७ | श्री कालिका मिलन मा वि चिसापानी | ईँटा | २७४४० | १७ |  | १७. | ४६६४८० | ६०६४२ |
| ७ | खाचे खानेपानी आयोजना | सिमेन्ट | २०० | ८३० | ६४० | १९०. | ३८००० | ४९४० |
| ७ | २०० बोराको मात्र बिल पेश भएको |  | ७० | ८३० | ० | ८३०. | ५८१०० | ७५५३ |
| १०९ | सानो धिमिरे मोबाटो | सिमेन्ट | २२४ | ८३० | ६३७ | १९३. | ४३२३२ | ५६२० |
| १३३ | काली नागस्थानको पक्की कुलो निर्माण | सिमेन्ट | १७३ | ८३० | ६३७ | १९३. | ३३३८९ | ४३४१ |
| १८६ | सातबिसे लक्ष्मी अधीकारीको घरबाट मरणघाट जोड्ने नाली | सिमेन्ट | १३० | ८३० | ५९६ | २३४. | ३०४२० | ३९५५ |
| १८८ | रिङरोड देखी सेरा तमु आमा समूह भवन सम्मको सडक | सिमेन्ट | १५८ | ८३० | ६३७ | १९३ | ३०४९४ | ३९६४ |
| १८९ | कपुरिश्वर पार्क- ल्याण्डफिल्ड साईट सडक | सिमेन्ट | ८९४ | ८३० | ६५५ | १७५ | १५६४५० | २०३३९ |
| २५८ | साहुवारी दनाईगाउँ चौतारी कालीकाठ मो बाटो | सिमेन्ट | १७५ | ८३० | ६५४ | १७६ | ३०८०० | ४००४ |
| ३१० | साउने खोला देखी तुसिग्रा खोला सम्म पक्की नाला | सिमेन्ट | ३४० | ८३० | ६१५ | २१५ | ७३१०० | ९५०३ |
| ३५० | धर्म गुठी | सिमेन्ट | २०६ | ८३० | ६९० | १४० | २८८४० | ३७४९ |
| ३७७ | सहजी खेल मैदान हुँदै नारायण ढकालको घर तर्फ जाने बाटो | सिमेन्ट | २६४ | ८३० | ६२० | २१० | ५५४४० | ७२०७ |
|  | २६४ बोराको मात्र बिल पेश भएको | सिमेन्ट | ७६ | ८३० | ० | ८३० | ६३०८० | ८२०० |
| ४२१ | सेराकुना नयाँखेत सडक निर्माण | सिमेन्ट | ४८५ | ८३० | ६३७ | १९३ | ९३६०५ | १२१६९ |
|  | ४८५ बोराको मात्र बिल पेश भएको | सिमेन्ट | ४५ | ८३० | ० | ८३० | ३७३५० | ४८५६ |
| ४२९ | ईन्द्रेणी टोल सिडि | सिमेन्ट | ३५० | ८३० | ६२३ | २०७ | ७२४५० | ९४१९ |
| ४३० | बसौला गाउँ गोरेटो बाटो | सिमेन्ट | १८० | ८३० | ६४६ | १८४ | ३३१२० | ४३०६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सिमेन्ट | ११२ | ८३० | ० | ८३० | ९२९६० | १२०८५ |
| ४४० | आकाशे देखि मानविरे मो बाटो | सिमेन्ट | १८५ | ८३० | ६१० | २२० | ४०७०० | ५२९१ |
| ४३६ | शंकर बस्नेतको घर हुँदै चण्डीस्थान जोड्ने सडक | सिमेन्ट | २८० | ८३० | ६०० | २३० | ६४४०० | ८३७२ |
| | २८० बोराको मात्र बिल पेश भएको | सिमेन्ट | १४० | ८३० | ० | ८३० | ११६२०० | १५१०६ |
| ४५० | मजुवाखोला देखी दनाई गाउँ सडक | सिमेन्ट | २०५ | ८३० | ६३७ | १९३ | ३९५६५ | ५१४३ |
| ४६९ | विश्वकर्मा एकता सेवा समाज भवन | सिमेन्ट | १८९ | ८३० | ६२० | २१० | ३९६९० | ५१६० |
| ४५६ | नितिको घरबाट त्रिवेणी मन्दिर सम्म जाने बाटो | सिमेन्ट | ३१५ | ८३० | ६५२ | १७८ | ५६०७० | ७२८९ |
| ४५८ | गौरी खत्री चौर हुँदै घ्याउसीबास मो बाटो | सिमेन्ट | ४२५ | ८३० | ५६६ | २६४ | ११२२०० | १४५८६ |
| ५१० | भकुण्डे काफलस्वारा चिसापानी चम्डिला सडक | सिमेन्ट | ३४६ | ८३० | ६३७ | १९३ | ६६७७८ | ८६८१ |
| ५१६ | गुफा पँधेराबाट साउनेपानी सम्म मोटरबाटो | सिमेन्ट | १९२ | ८३० | ६३७ | १९३ | ३७०५६ | ४८१७ |
| ५६१ | चिसापानी लप्सीबोट देखि कालिका मिलन मा वि पक्की नाली | सिमेन्ट | ३४५ | ८३० | ६३७ | १९३ | ६६५८५ | ८६५६ |
| ५७२ | पुमाखोला ट्रसपुल | सिमेन्ट | ४८० | ८३० | ६५५ | १७५ | ८४००० | १०९२० |
| ५९९ | सूर्यमुखि सामुदायिक भवन | सिमेन्ट | ९० | ८३० | ६३७ | १९३ | १७३७० | २२५८ |
| ५९९ | सूर्यमुखि सामुदायिक भवन | सिमेन्ट | ३५ | ८३० | ० | ८३० | २९०५० | ३७७७ |
| ६८६ | बेट्टशहर बाँझखेत हिले कार्कीडाँडा सडक | सिमेन्ट | ११४० | ८३० | ५६५ | २६५ | ३०२१०० | ३९२७३ |
| ६७३ | वाणिज्य मार्ग उपभोक्ता निर्माण | सिमेन्ट | ८५५ | ८३० | ५७१ | २५९ | २२१४४५ | २८७८८ |
| ६७३ | वाणिज्य मार्ग उपभोक्ता निर्माण | सिमेन्ट | १६५ | ८३० | ० | ८३० | १३६९५० | १७८०४ |
| ६६७ | कर्पुश्वर मन्दिर जाने सडक | सिमेन्ट | २१२ | ८३० | ६४६ | १८४ | ३९००८ | ५०७१ |
| ६७१ | काजीगाउँ सुयलगाउँ सडक | सिमेन्ट | २९५ | ८३० | ६८० | १५० | ४४२५० | ५७५३ |
| ६५४ | चन्द्रमुखी सामुदायिक भवन | सिमेन्ट | १२२ | ८३० | ६३७ | १९३ | २३५४६ | ३०६१ |
| ६५४ | चन्द्रमुखी सामुदायिक भवन | ईँटा | ५७६० | १७ | ० | १७ | ९७९२० | १२७३० |
| | जम्मा | | | | | | | ४९५८११ |

## बेरुजु दफा ४७ सँग सम्बन्धित विवरण - अनुसूची -४

| भौचर नं. | योजना | काम | हुनुपर्ने दर | भुक्तानीको दर | फरक दर | परिमाण | रकम |
|---|---|---|---|---|---|---|---|
| १०० | बगैचाको पहिरो संरक्षण | माटो खन्ने | ६८७.०१ | ८००.४ | ११३.३९ | ३७.१ | ४२०७ |
| १०३ | पुमागाउँ दलित बस्ती गोरेटो बाटो | ,, ,, | ६८७.०१ | ८००.४ | ११३.३९ | २९.८८ | ३३८८ |
| १५० | महेश पौडेलको घरबाट क्याम्पस जाने बाटो | ,, ,, | ६८७.०१ | ८००.४ | ११३.३९ | ४३.१ | ४८८७ |
| १६० | बन्थोक मोटरबाटोबाट दिप बा. बस्नेतको घर हुँदै सिंडी निर्माण | ,, ,, | ६८७.०१ | ८००.४ | ११३.३९ | ४१.६९ | ४७२७ |
| १८६ | सातबिसे लक्ष्मी अधीकारीको घरदेखी मरणघाट जोड्ने नाली | ,, ,, | ६८७.०१ | ८००.४ | ११३.३९ | ४१.७१ | ४७२९ |
| १९९ | मेजर टोल सिंढी निर्माण | ,, ,, | ६८७.०१ | ७९० | १०२.९९ | ३३.२६ | ३४२५ |
| २५७ | देउजनथोक गाउँ गोरेटो बाटो सिडि | ,, ,, | ६८७.०१ | ८६७ | १७९.९९ | १८.४७ | ३३२४ |
| २४५ | भकुण्डे चौर व्यवस्थापन योजना | ग्याविन जाली | ५०५४ | ५७३१.२४ | ६७७.२४ | ५४.५ | ३६९१० |
| २६७ | साउने खोला देखी राउतथोक गाउँ सम्म सिढी | माटो खन्ने | ६८७.०१ | ८६७.१ | १८०.०९ | १८.६ | ३३५० |
| ३१० | साउने खोला देखी तुसिग्रा खोलासम्म पक्कि नाला | ,, ,, | ६८७.०१ | ८००.४ | ११३.३९ | ३७.७७ | ४२८३ |
| ३१६ | भलुवाटार दलित वस्ती सिढी | ,, ,, | ६८७.०१ | ८००.४ | ११३.३९ | २०.७३ | २३५१ |
| ४६१ | विश्वकर्मा एकता सेवा समाज भवन | ,, ,, | ६८७.०१ | ८००.४ | ११३.३९ | ६१.९३ | ७०२२ |
| ४९५ | नार्सल खोला पिप्ले थुम्का शिवालय हुँदै टारगाउँ जाने गोबाटो | ,, ,, | ६८७.०१ | ८२४.४१ | १३७.४ | ५१.६४ | ७०९५ |
| ४९८ | भकुण्डे चाल्नेबाट तल्लो फाँट जाने कुलो | ,, ,, | ६८७.०१ | ८२४.४१ | १३७.४ | १८.३८ | २५२५ |
| ५६२ | चिसापानी ठुलोधारा देखि कोलास्वाँर बाटो | ,, ,, | ६८७.०१ | ८००.४ | ११३.३९ | २१.६ | २४४९ |
| ६५४ | चन्द्रमुखी सामुदायिक भवन | ,, ,, | ६८७.०१ | ८७८.५९ | १९१.५८ | ४८.४८ | ९२८८ |
| ६९७ | साउनेखोला लिङ्कीपधेरी माथिबाट रावालचौतारा सडक | ,, ,, | १४० | ८००.४ | ६६०.४ | ५०.४९ | ३३३४४ |
| ६५४ | चन्द्रमुखी सामुदायिक भवन | ,, ,, | ६८७.०१ | ८००.४ | ११३.३९ | ४८.४८ | ५४९७ |
| | जम्मा | | | | | | १४२८०१ |

## बेरुजु दफा ५७ सँग सम्बन्धित विवरण - अनुसूची -५

| क्र.स. | विद्यालयको नाम | ठेगाना | शिक्षक दरबन्दी | पदपूर्ति | करार/ राहत/ अन्य | जम्मा विद्यार्थी सख्या | विद्यार्थी शिक्षक अनुपात |
|---|---|---|---|---|---|---|---|
| १ | जनविकास मा.वि.बेसीशहर | बे.न.पा.—७ | २६ | २६ | ४ | १०७१ | ४१ |
| २ | जनविकास मा.वि.चण्डिडाँडा | बे.न.पा.—७ | १८ | १८ | ७ | २२३ | १२ |
| ३ | गंगामिलन मा.वि. मकैडाँडा | बे.न.पा.—६ | १६ | १६ | ४ | २३१ | १४ |
| ४ | जनकल्याण मा.वि.चिती | बे.न.पा.—११ | २१ | २१ | ५ | ४०८ | १९ |
| ५ | बालकल्याण मा.वि. भकुण्डे | बे.न.पा.—२ | २० | २० | ३ | २०२ | १० |
| ६ | लमजुङ मा.वि. गाउँशहर | बे.न.पा.—३ | १७ | १७ | ५ | १२२ | ७ |
| ७ | जनकल्याण मा.वि. उदिपुर | बे.न.पा.—१ | १५ | १५ | ३ | ४८१ | ३२ |
| ८ | जनजागृति मा.वि. बाँझाखेत | बे.न.पा.—१० | १२ | १२ | ७ | १७० | १४ |
| ९ | लोकराज आदर्शमा.वि. | बे.न.पा.—११ | १२ | १२ | ५ | १०५ | ९ |
| १० | यशोब्रम्ह मा.वि.बाहुनबेसी | बे.न.पा.—३ | १४ | १४ | ४ | २१३ | १५ |
| ११ | कालिकामिलन मा.वि. | बे.न.पा.—२ | १२ | १२ | ३ | ७५ | ६ |
| १२ | अन्नपूर्ण मा.वि. नाल्मा | बे.न.पा.—५ | १२ | १२ | ४ | १२८ | ११ |
| १३ | सेवासदन मा.वि. पुरानोकोट | बे.न.पा.—४ | ११ | ११ | ५ | ९२ | ८ |
| १४ | चन्द्रज्योति आ.वि.बिम्दाबेसी | बे.न.पा.—९ | ८ | ८ | ३ | ५१ | ६ |
| १५ | जनजागृति आ.वि.बरबोटबेसी | बे.न.पा.—११ | ९ | ९ | १ | १५४ | १७ |
| १६ | बालविकास मा वि.रामचोक | बे.न.पा.—११ | ८ | ८ | १ | १८९ | २४ |
| १७ | भविष्य निर्माणप्रा.वि.पाङ्ग्रेक्यू | बे.न.पा.—१० | १ | १ | १ | १७ | १७ |
| १८ | नबिन प्रा.वि.बाँझाखेत | बे.न.पा.—१० | ४ | ४ | ० | ३३ | ८ |
| १९ | हिमज्योति प्रा.वि.भाचोक | बे.न.पा.—१० | ३ | ३ | ० | १५ | ५ |
| २० | बालकल्याण प्रा.वि.रातामाटा | बे.न.पा.—१० | २ | २ | ० | १७ | ९ |
| २१ | लक्ष्मीबालमन्दिर प्रा.वि. | बे.न.पा.—७ | ४ | ४ | | २३ | ६ |
| २२ | बालरत्न प्रा.वि.साम्दी | बे.न.पा.—७ | ३ | ३ | | १२ | ४ |
| २३ | समदर्शी प्रा.वि. दिहीथोक | बे.न.पा.—९ | १ | १ | | ७ | ७ |
| २४ | चिती प्रा.वि.रामचोक | बे.न.पा.—११ | ३ | ३ | | १५ | ५ |
| २५ | जनसेवा प्रा.वि.चिती | बे.न.पा.—११ | २ | २ | | २२ | ११ |
| २६ | शान्ति भवन प्रा.वि. चिती | बे.न.पा.—११ | ३ | ३ | | २५ | ८ |
| २७ | युवाज्योति प्रा.वि. चिती | बे.न.पा.—११ | ३ | ३ | | २५ | ८ |
| २८ | .बालबिद्याश्रम प्रा.वि.नरुवल | बे.न.पा.—२ | ४ | ४ | १ | ७१ | १८ |
| २९ | बौद्धमिलन प्रा.वि.बाखेजगत | बे.न.पा.—५ | २ | २ | १ | १८ | ९ |
| ३० | चैतन्योदय प्रा.वि.पुरानोकोट | बे.न.पा.—४ | २ | २ | १ | ५ | ३ |
| ३१ | देवीसदन प्रा.वि.नयाँगाउँ | बे.न.पा.—१ | २ | २ | | १९ | १० |
| ३२ | चन्द्रोदय प्रा.वि.ठूलोधिमिरे | बे.न.पा.—१ | ३ | ३ | | ३२ | ११ |
| ३३ | रत्नप्रकाश प्रा.वि.खासुर | बे.न.पा.—१० | १ | १ | | ७ | ७ |
| ३४ | नारायण प्रा.वि.बाँझाखेत | बे.न.पा.—१० | २ | २ | | २० | १० |
| ३५ | जनआशापूर्ण प्रा.वि.कल्लेरी | बे.न.पा.—१० | १ | १ | | ६ | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३६ | कण्ठ प्रा.वि.घडेरी | बे.न.पा.–१० | २ | २ | | ८ | ४ |
| ३७ | कालिका प्रा.वि.पासाचौर | बे.न.पा.–१० | २ | २ | | १७ | ९ |
| ३८ | बुद्धिविकास प्रा.वि.सौंधु | बे.न.पा.–१० | ० | ० | | ४ | |
| ३९ | गणेश प्रा.वि.खाँचे | बे.न.पा.–१० | २ | २ | | ८ | ४ |
| ४० | कन्याज्योति प्रा.वि.पुमा | बे.न.पा.–९ | २ | २ | १ | ८ | ४ |
| ४१ | चनौटे प्रा.वि.चनौटै | बे.न.पा.–६ | २ | २ | | २९ | १५ |
| ४२ | चण्डेश्वरी प्रा.वि.सारिङ | बे.न.पा.–६ | ३ | ३ | २ | ३१ | १० |
| ४३ | जनज्योति प्रा.वि.बजाखुट्टा | बे.न.पा.–११ | १ | १ | | १३ | १३ |
| ४४ | बालरत्न प्रा.वि.चिती | बे.न.पा.–११ | १ | १ | | १५ | १५ |
| ४५ | अमर प्रा.वि.गाउँशहर | बे.न.पा.–३ | १ | १ | | ११ | ११ |
| ४६ | शिबशक्ति प्रा.वि.बसौलागाउँ | बे.न.पा.–३ | १ | १ | | ९ | ९ |
| ४७ | लिलाज्योति प्रा.वि.चितुवावन | बे.न.पा.–१० | २ | २ | | ७ | ४ |
| ४८ | लाङ्दीदेवी प्रा.वि.नाल्मा | बे.न.पा.–५ | १ | १ | | १४ | १४ |
| ४९ | जलदेवी प्रा.वि.झगरिया | बे.न.पा.–४ | १ | १ | | ९ | ९ |
| ५० | बालविकासप्रा.वि.सानोधिमिरे | बे.न.पा.–१ | २ | २ | | २१ | ११ |
| ५१ | कर्मदा प्रा.वि.खत्रीचौर | बे.न.पा.–१ | २ | २ | | ८ | ४ |
| | जम्मा | | ३०२ | ३०२ | ७१ | ४५३७ | १५ |